सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ वैशाख २०८१, आइतबार (21 April 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

फुकोट कर्णाली आयोजनाको भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न सुरु

भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न थालिएको प्रस्तावित फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको अनुमानित क्षमता चार सय ८० मेगावाट

विस्तृत पृष्ठ ६ मा

मोदीको नेतृत्वमा फस्टाइरहेको भारतीय अर्थतन्त्र



विश्व अर्थतन्त्रमा भारतको आरोहण सुनिश्चित देखिन्छ। केही महिनाअघि बेलायतलाई उछिन्दै भारत विश्वको पाँचौं ठूलो अर्थतन्त्र बन्यो।

विस्तृत पृष्ठ ५ मा

आगलागीबाट गुल्मीमा २८ घरगोठ जले

कैलालीमा करिब आठ बिघामा लगाएको गहुँबाली नष्ट



विस्तृत पृष्ठ ३ मा

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तत्काल वाम ध्रुवीकरणको विपक्षमा एमाले

अहिलेकै अवस्थामा कुनै निश्चित दल र शक्तिलाई निषेध गरी हुने वाम एकता वा ध्रुवीकरण एमालेले इन्कार गरेको छ, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा अध्यक्ष केपी ओलीले पेस गरेको राजनीतिक प्रतिवेदनमा भविष्यमा भने सबै वाम एकै पार्टीमा एकाकार हुने दाबी गरिएको छ

राजनीतिक प्रतिवेदनमा अध्यक्ष ओलीले भनेका छन्-



यति नै वेला निश्चित दल, विचार र शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुव या अन्य कुनै नाममा गरिने ध्रुवीकरण उचित, व्यावहारिक र लाभदायी हुँदैन। सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरू क्रमशः एकै ठाउँ हुँदै जानेछन्।

ओलीको रणनीतिक लाइन हो, पछिसम्म कायम रहन्छ भन्ने लाग्दैन



● **प्रा. कृष्ण पोखरेल**
राजनीतिक विश्लेषक

अहिले चुनाव छैन, आन्दोलन पनि छैन। एमाले नै प्रमुख दल रहेको सरकारमा वाम दल मात्र पनि छैनन्, रास्वपासमेत छ। वाम शक्ति मात्र मिलेर सरकार बन्ने अवस्था नरहेकाले अहिले वाम एकताको कार्ड फाल्दा अरूलाई खेल्ने ठाउँ हुन्छ। उनले अहिलेको सत्ता समीकरणलाई पनि गठबन्धन भनेका छैनन्, समीकरण भनेका छन्। यस्तो अवस्थामा ओलीको भनाइ रणनीतिक रूपमा आएको छ। हिजोको जस्तो हतारमा वाम गठबन्धनको कुरा गरेर फुर्सदमा पछुताउनु राम्रो होइन भन्ने लागेको होला। तर, ओली पछिसम्म यही लाइनमा कायम रहन्छन् भन्ने लाग्दैन।

प्रेम गौतम/नयाँ पत्रिका

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीले वामपन्थी एकता, समाजवादी ध्रुव या अन्य कुनै नामको ध्रुवीकरणलाई इन्कार गरेका छन्। शनिबार ललितपुरको गोदावरीमा सुरु एमाले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उनले निश्चित दल, विचार र शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने यस्तो कार्य उचित, व्यावहारिक र लाभदायी नहुने स्पष्ट पारेका हुन्।

» पृष्ठ २ मा क्रमशः



ललितपुरको गोदावरीमा शनिबार सुरु एमाले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक। तस्बिर : **नयाँ पत्रिका**

एमालेविरुद्धको घेराबन्दी तोडिएको र मुलुकको राजनीति केही हदसम्म अनुकूल भएको दाबी

अध्यक्ष ओलीले एमालेविरुद्धको घेराबन्दी तोडिएको तथा एमाले, माओवादी, रास्वपा, जसपा र एकीकृत समाजवादी सम्मिलित नयाँ सत्ता सहकार्य सुरु भएपछि मुलुकको राजनीति केही हदसम्म अनुकूल बनेको दाबी पनि गरेका छन्। 'राष्ट्रिय राजनीतिमा एमालेको नेतृत्वदायी भूमिका फेरि एकपटक स्थापित भएको छ। नयाँ सत्ता सहकार्यबाट जनतामा अलिकति भए पनि आशा र भरोसा पुनर्जागृत भएको छ। सत्ता सहकार्य निर्माण गरिरहँदा हाम्रो पार्टीले आफ्नो कुनै स्वार्थलाई केन्द्रमा राखेको छैन। देशको स्वार्थ नै हाम्रो पार्टीको पनि स्वार्थ हो। यससँग हाम्रा निश्चित अपेक्षा र प्राथमिकता जोडिएका छन्,' ओलीले भनेका छन्।

विगतका घटनाका कारण अहिले पनि सत्ता सहकार्यप्रति आशंका रहेको टिप्पणी गर्दै उनले व्यवहारबाटै त्यसको खण्डन गर्नुपर्ने बताएका छन्। 'विगतका कतिपय घटना, सन्दर्भ र अनुभवका आधारमा जनताको मनमा यस सहकार्यको दिगोपनमाथि आशंका छन्। यसको खण्डन कुनै औपचारिक मन्तव्य वा वक्तव्यबाट होइन, व्यवहारबाटै गरिनेछ,' ओलीको प्रतिवेदनमा उल्लेख छ।

एमालेको ध्यान सुशासनमा केन्द्रित रहेको पनि उनको दाबी छ। 'सरकार भ्रष्टाचारविरुद्ध निर्मम रूपमा प्रस्तुत होस् र सुशासनको प्रत्याभूति गरोस्। सुशासन स्थापनाको अभियानमा पार्टी सधैंभरि सकारात्मक, सक्रिय र सहयोगी भूमिकामा रहनेछ,' ओलीले भनेका छन्। विभिन्न पार्टीको स्वार्थकेन्द्रित दाउपेचका कारण शान्ति प्रक्रिया अझै टुंगिन नसकेको भन्दै आफूले संक्रमणकालीन न्यायको काम अविलम्ब टुंग्याउन चाहेको बताएका छन्। पीडितले न्याय पाउनुपर्ने, संक्रमणकालीन न्यायको नाममा संक्रमणकालीन अन्याय हुन नहुने, पीडितकेन्द्रित विधि र संरचना निर्माण गर्दै यसको समाधान खोज्नुपर्ने उनको जोड छ।

■ अचानक सत्ताबाट बाहिरिनुपर्दा कांग्रेस आक्रोशित र हतास भएको आरोप

एमाले अध्यक्ष ओलीले कांग्रेस प्रतिशोधको राजनीतिमा उत्रिएको टिप्पणी गरेका छन्। अचानक सत्ताबाट बाहिरिनुपर्दा आक्रोशित, क्षुब्ध, हतास देखिएको र हतासले उसलाई प्रतिशोधको राजनीतिमा पुऱ्याएको प्रतिवेदनमा उल्लेख गरेका छन्।

'नयाँ समीकरणलाई सफल हुन नदिन र भत्काउन कांग्रेसले हरसम्भव कोसिस गऱ्यो। त्यसका लागि उसले रास्वपा र अन्य कतिपय दलका नेताहरूलाई प्रधानमन्त्री पदको समेत प्रस्ताव गऱ्यो। तर, कांग्रेसको प्रस्ताव अस्वीकार गर्दै ती दलहरू नयाँ समीकरणमा संलग्न हुनासाथ ऊ यतिवेला हतास मनस्थितिका साथ विरोध र सदनमा अवरोध गरिरहेको छ। यसका पछाडि प्रतिशोधबाहेक कुनै तर्कसंगत आधार छैनन्,' उनले प्रतिवेदनमा लेखेका छन्।

सहकारी प्रकरणमा गृहमन्त्री रवि लामिछानेविरुद्ध उत्रिएको कांग्रेसको नैतिकतामाथि नै ओलीले प्रश्न उठाएका छन्। 'हिजोसम्म सरकारमा रहँदा अख्तियारले बयानमा बोलाएका, अदालतले पुर्पक्षका लागि थुनामा राखेका र गम्भीर अनियमिततामा संलग्न भएका मन्त्री र नेतालाई राजीनामा गराउन तयार नहुने कांग्रेसले यतिवेला अरूमाथि प्रश्न उठाउने नैतिक आधारसमेत राख्दैन,' ओलीले भनेका छन्। निश्चित व्यक्तिलाई निसाना बनाएर राजनीतिक प्रतिशोध साँध्नुभन्दा सहकारी बचतकर्ताको अर्बौं रकम हिनामिनामा गम्भीर छानबिन गरेर दोषीलाई कानुनी कारबाही गर्नुपर्ने उनको प्रस्ताव छ।

■ रास्वपा र राप्रपाको नाम नलिई आलोचना- 'पपुलिस्ट' र 'दक्षिणपन्थी' विकल्प हुन सक्दैनन्

ओलीले रास्वपासहित नयाँ दललाई 'पपुलिस्ट' र राप्रपालगायतलाई परम्परावादी 'दक्षिणपन्थी'को संज्ञा दिँदै यी दल देशको समस्या समाधानमा विकल्प हुन नसक्ने दाबी गरेका छन्। 'चरम राजनीतिक विकृति, आर्थिक र व्यावसायिक क्षेत्रमा संकट उत्पन्न र रोजगारीका क्षेत्र साँघुरिँदै गरेको अवस्था एवं सुशासन तथा सेवा प्रवाहमा उत्पन्न समस्याका कारण समाजमा निराशा बढेको छ। यसै स्थितिले सिर्जना गरेको असन्तुष्टिलाई एकातिर पपुलिज्म र अर्कोतिर दक्षिणपन्थी शक्तिले प्रयोग गर्न एक हदसम्म सफल भएको देखिन्छ। उनीहरूले यस्ता समस्यालाई उजागर र उपयोग गर्न त सक्छन्, तर उनीहरूसँग यसको समाधान भने छैन,' ओलीले प्रतिवेदनमा लेखेका छन्, 'सही दर्शन र विचारधारा नभएको, अर्थ-राजनीतिक कार्यदिशा स्पष्ट नभएको र आफ्ना स्वार्थका लागि अस्थिर र डोलायमान रहने शक्तिहरू विकल्प हुन सक्दैनन्।'

संविधानले परिकल्पना गरेको न्यायपूर्ण, समतामूलक, लोकतान्त्रिक र समृद्धि समाज निर्माणमा विलम्ब भए पनि समस्याको विकल्प निरंकुश सामन्ती व्यवस्था (राजतन्त्र) पुनर्स्थापना हुन नसक्ने उनको चेतावनी छ। सामाजिक असन्तुष्टिको लाभ 'पपुलिस्ट' र परम्परावादी दक्षिणपन्थीले उठाउन नसकून् भन्नेतर्फ सजग रहँदै समस्या सम्बोधन गर्न विशेष संवेदनशील हुनुपर्ने उनको जोड छ।

■ ढकमक्क फूलमुनि दुर्गन्धित धोबीखोला



कालोपुलदेखि रातोपुलसम्म धोबीखोला करिडोरमा फुलेका विभिन्न प्रजातिका फूल। खोला दुर्गन्धित भए पनि वसन्तमा फुलेका यी फूलले करिडोरको सौन्दर्य बढाएको छ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका



चीन जोड्ने कोदारी राजमार्गको बेहाल

कोदारीसहित अरनिको राजमार्गका लागि १४ चैत ०७१ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले घोषणा गरेका थिए १६ अर्ब अनुदान



कोदारी राजमार्गमा पहिरो।

झारा टार्ने काम मात्रै भएको छ



ई. सुरज महर्जन
सूचना अधिकारी, डिभिजन सडक कार्यालय, चरिकोट

चिनियाँले अस्थायी प्रकृतिको काम गरेका रहेछन्। हिउँदमा उनीहरूले हल्काफुल्का काम गर्ने, बर्सातमा पानीले सबै बगाइदिने प्रकारको झारा टार्ने काम मात्रै भएको छ। चौथो चरणमा के काम गर्ने भन्नेबारे जानकार छैनौं। बजेट भयो भने वा स्रोत सुनिश्चित भयो भने आगामी आर्थिक वर्ष काम गर्न सकिएला। अहिले केही पनि गर्न सकिने अवस्था छैन।

■ **स्थलगत रिपोर्ट**
पर्शुराम काफ्ले/नयाँ पत्रिका

५७ वर्षअघि पहिलोपटक चीनसँग नेपाल जोडिएको कोदारी राजमार्गको अन्तिम ठाउँ तातोपानीको लिपिङ र पारिपट्टिको खासा (जाङ्मु)लाई भोटेकोशीको पुलले छुट्याउँछ। भोटेकोशीपारि चीनको खासा वा जाङ्मु क्षेत्र र वारि नेपालको तातोपानीस्थित लिपिङ पर्छ। भोटेकोशीको पक्की पुलको आधा भागले नेपाल र चीन छुट्याएको छ। सिन्धुपाल्चोकको बाह्रबिसेदेखि तातोपानी लिपिङको दूरी जम्मा २६ किलोमिटर छ। तर, चीनसँग सीमा जोड्ने कोदारी राजमार्गको यस्तो बेहाल छ कि मालवाहक गाडीलाई यो बाटो छिचोल्न तीनदेखि चार घण्टा र निजी गाडीलाई डेढ घण्टा लाग्छ।

बाह्रबिसेदेखि भोटेकोशीको छेवैछेउको भिर छिचोलेर सीमानाका पुग्न अत्यन्तै कठिन छ। कोदारी राजमार्गका बीचमा अस्थायी प्रकृतिका बेलिब्रिज छन्। बेलिब्रिजबाहेक सजिलो गरी गाडी गुड्ने ठाउँ राजमार्गमा छैन। ठाउँ-ठाउँमा एगका पहिरोले बिगरेको सडक राम्रो मर्मत भएको छैन भने बाटो लगभग कच्ची र खाल्डाखुल्डी छ।

छिमेकी चीनसँग आर्थिक सहकार्यबारे काठमाडौंमा ठुल्दूला भाषणबाजी हुँदै आएका छन्। तातोपानी नाका

» पृष्ठ २ मा क्रमशः

सुनसान तातोपानी बजार

भूकम्पले तहसनहसजस्तै भएको तातोपानी बजार अझै उठ्न सकेको छैन। यसको साइनो सडकसँग जोडिन्छ। तिब्बततर्फ मितेरी पुलछेउमा आधा दर्जन पसलबाहेक केही खुलेका छैनन्। तातोपानी क्षेत्रका मानिसले पुलपारि तिब्बततिर काम गर्दा रहेछन्। स्थानीयलाई अध्यागमन विभागले पास उपलब्ध गराउँछ, त्यही पास लिएर उनीहरू नेपाल-तिब्बत ओहोरदोहोर गरिरहन्छन्। सिन्धुपाल्चोकबाहिरका नेपालीले जस्तै न्यालम (कुती) काउन्टीबाहिरका चिनियाँले पनि आवतजावतको सुविधा पाउँदैनन्।

भूकम्पले भत्किएका घरको भग्नावशेष जस्ताको तस्तै छ। पुलपारि भने सडक गुणस्तरीय छ। तर, चिनियाँ अध्यागमन भवनभन्दा ठूला चिनियाँ सुरक्षाकर्मी बस्ने दुईवटा भव्य ब्यारेक छन्। त्यहाँबाट खासा बजार पुग्दा यात्रुले दुईवटा सुरक्षा जाँच पार गर्नुपर्छ। अहिले चीनले १० वर्षअघि भूकम्पले हल्लाएका घर पूर्णतः विस्थापित गरेर नयाँ संरचना बनाउँदै छ। हालको भवन भत्काउन नेपालबाट पनि ५-६ जना कामदार काममा खटिएका रहेछन्। 'खासा बजार पुनर्निर्माण हुन अझै दुई वर्ष लाग्न सक्छ,' जाङ्मु पोर्टछेउमा भेटिएका तिब्बती मूलका स्थानीयले भने।

चीनतर्फ अत्याधुनिक प्रविधि र क्यामेरासहितको अध्यागमन विभाग छ। नेपालतिर अध्यागमन कार्यालय एउटा सामान्य कोठामा छ। त्यहाँ यात्रुको सामान चेकजाँच गर्ने स्क्यानिङ मेसिन छैन। सामान्यतः पासपोर्ट र भिसाबाहेक चेकजाँच गर्ने संयन्त्र नै छैन नेपालतिर। नेपालका सुरक्षाकर्मीको आँखाले जे-जति देख्छ, त्यही आधारमा तिब्बतबाट आउने यात्रुको निगरानी हुने गरेको छ। तिब्बतबाट दैनिक रूपमा २० देखि २५ कन्टेनरमा फलफूल, लत्ताकपडा आउने गरेको छ। यसका लागि एउटा भवन निर्माणको तयारी छ।

इसिगरेट र हुक्काको धुवाँमा पाँच वर्षमै उड्यो साढे २३ करोड

■ चिकित्सक भन्छन्- हुक्का र इसिगरेट चुरोटभन्दा सयौं गुना हानिकारक

■ स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेल भन्छन्-



सुर्तीजन्य पदार्थ नियन्त्रणमा भेप र इसिगरेटको बढ्दो प्रयोग चुनौती बन्दै गएको छ। यसलाई पूर्ण रूपमा बन्देज लगाउन आवश्यक छ। साथै, सुर्तीजन्य पदार्थबाट संकलन भएको करको २५ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्नुपर्ने भन्दै आठ वर्षदेखि माग राख्दै आएका छौं। तर, हालसम्म ४० करोड मात्रै पाएका छौं, जुन यसको असर नियन्त्रणका लागि पर्याप्त छैन।

मञ्जु टेलर/नयाँ पत्रिका

नेपाली युवायुवतीमा पछिल्लो समय इसिगरेट र हुक्का सेवन फेसनजस्तै बनेको छ। यस्ता वस्तुमा निकोटिन नहुने र स्वास्थ्यमा समेत असर नपार्ने भन्ने भ्रमपूर्ण विज्ञापनले इसिगरेट र हुक्का परिवारभित्रै खुलमखुला सेवन गर्ने क्रम बढ्दो छ। तर, इसिगरेट र हुक्कामा हुने निकोटिनलगायत हानिकारक तत्त्वले किशोरकिशोरीको स्वास्थ्यमा गम्भीर असर गरिरहेको छ।

नेपालमा इसिगरेट र हुक्काका प्रयोगकर्ताको यकिन विवरण नभए पनि पाँच वर्षमा साढे ३५ लाख थानभन्दा बढी इसिगरेट आयात भएको तथ्यांक छ।

» पृष्ठ २ मा क्रमशः



अधिकांश प्रयोगकर्ता ४० वर्षभन्दा कम उमेरका

हुक्का र इसिगरेटको सेवन गर्नेमा अधिकांश ४० वर्षभन्दा कम उमेरका युवायुवती छन्। नेपाल विकास अनुसन्धान प्रतिष्ठानले गरेको अध्ययन रिपोर्टअनुसार हुक्का र इसिगरेट तान्नेमा अधिकांश युवा छन्। हुक्का सेवन गर्नेमध्ये ८२.३ प्रतिशत र इसिगरेटका ९१.६ प्रतिशत प्रयोगकर्ता ४० वर्षमुनिका छन्। जसमध्ये पनि २५ वर्षमुनिको संख्या अझ बढी छ।

स्वास्थ्यमा कस्तो असर ?

छातीरोग विशेषज्ञ डा. नीरज बमका अनुसार भेप, इसिगरेट, हुक्कालगायतको सेवनबाट स्वास्थ्यमा असर नपर्ने भन्ने खालका भ्रमपूर्ण विज्ञापनले प्रयोगकर्ताको स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ। उनका अनुसार हुक्का र इसिगरेटमा निकोटिनसहित अन्य हानिकारक विशेष किसिमको सुगन्ध मिसाइएको हुन्छ। जसले फोक्सो, घाँटीसहित दिमागमा समेत असर पार्छ। खासगरी नियमित हुक्का वा सिगरेट सेवनले बालबालिकाको मस्तिष्कमा असर, फोक्सोको क्यान्सरलगायत स्वास्थ्य समस्या बढाइरहेको छ। यति मात्रै होइन, हुक्का प्रयोग चुरोटको तुलनामा सयौं गुना हानिकारक छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६५५


गैर बैंकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दार्हाफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दार्हाफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३९६, ३३९९, ३३९३, ३३९५, ३३९० को क्षेत्रफल क्रमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्साघाडी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय बार्कैको लगतमा दर्ता कायम रहेको बार्कै जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बार्कै जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ४६० (व.मी) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ५९९ को क्षेत्रफल ३४० (व.मी) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३९३.५० (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोत्तमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. १२४ (हाल तारकेश्वर न.पा. वडा नं.४) स्थित कित्ता नं. ९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी) को घरजग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०९ र २१० (व.मि) को जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगर नाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
२२.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
२३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२८८, ११७५ र १२९३ को क्षेत्रफल क्रमशः ३३८.६३, २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
२५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
२९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वाग्रेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्साघाडी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
३०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
३१.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
३२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८ को क्षेत्रफल २६६९० व.मी. को जग्गा ।





लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

पत्रकार ढुंगानाको फोटो पुस्तक ‘प्यान्डामिक थ्रु द लेन्स’ बजारमा

काठमाडौं/ कोरोना महामारीको समयमा मुलुकले भोगेको त्रासदीमा खिचिएका तस्बिरहरूको संकलन ‘प्यान्डामिक थ्रु द लेन्स’ पुस्तक बजारमा आएको छ । नयाँ पत्रिकार्मी दिपेन्द्र ढुंगानाले उक्त त्रासदीपूर्ण समयलाई तस्बिरमा उतारेर पुस्तकको रूप दिएका हुन् ।

पस्तकमा कोरोनाबाट संक्रमित भएकादेखि ज्यान गुमाएकासम्मको, संक्रमणबाट जोगिन हिँडेकादेखि जोगाउन हिँडेकासम्मको र अस्पतालदेखि चिहानसम्मका मान्छेका कथाहरू छन् । विभिन्न नौ विधामा छुट्याइएका तस्बिरलाई सरकारले संक्रमण नियन्त्रणका लागि लगाएको लकडाउन कथा, सहरमा बस्न नसकेर घर जानेको कथा मार्च टु होम, रोजगारी गुमाएका श्रमिकहरूको कथा प्लाइट अफ वर्कर्स, संक्रमितको उपचारमा खटेका स्वास्थ्यकर्मी र अस्पतालको कथा हस्पिटल एन्ड हेल्थ वर्कर, संक्रमण ज्यान गुमाएका र तिनको व्यवस्थापनमा अनवरत खट्नेको कथा डेड बडी म्यानेजमेन्ट, कोरोना कालमा मान्छेले गरेका सांस्कृतिक गतिविधिको कथा, आन्दोलन, फिल्डमा गएर काम गर्ने पत्रकार, सुरक्षाकर्मी, कर्मचारीलगायतका कथा र भ्याक्सिनका लागि झेल्नुपरेको सास्तीलाई तस्बिरमा उतारिएको छ ।



ढुंगानाले काठमाडौं उपत्यकाका अधिकांश क्षेत्रमा जीवनका लागि संघर्ष गरिरहेकाका कथालाई क्यामेराको लेन्सले कैद गरेका छन् । महामारीको समयमा आममान्छेका भोगाइलाई इतिहासमा दस्तावेजीकरण गर्नका लागि तस्बिरलाई पुस्तकको रूप दिएको उनले बताए । ‘कोरोना महामारीको समय असाध्यै त्रासदिपूर्ण थियो । कैयौं मान्छे घराभित्रै बसेर यसबाट जोगिन कोसिस गरिरहेका थिए भने कतिपयलाई त्यो सुविधासमेत थिएन । एक प्रकारले भन्नुपर्दा मान्छेले आफ्नो आँखैअगाडि मृत्यु देख्नुपरेको अवस्था थियो,’ ढुंगाना भन्छन्, ‘त्यो समय कस्तो थियो भनेर भविष्यमा हेर्न सकिने भनेको तस्बिरमा नै हो ।’

पुस्तकमा सङ्गहित १२० तस्बिरमध्ये कतिपय प्रकाशित छन् भने कतिपय अप्रकाशित छन् । ढुंगानाले टेलिभिजन, म्यागेजिन, अनलाइन र पत्रिकालगायत विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा काम गरिसकेका छन् । पुस्तक इन्डिगो इंक प्रकाशनले बजारमा ल्याएको हो ।

इसिगरेट र हुक्का...

« पृष्ठ १ बाट क्रमशः

भन्सार विभागको तथ्यांकअनुसार पाँच वर्षमा ३५ लाख ६९ हजार पाँच सय ६३ थान इसिगरेट नेपाल भित्रिएको छ । जसमा २३ करोड ४० लाख सात हजार रुपैयाँ (थप ४१ प्रतिशत करबाहेक) बिदेसिएको छ । विभागको तथ्यांकअनुसार चालू आवको पछिल्लो आठ महिनामा मात्रै एक लाख २८ हजार ६ सय ६५ थान इसिगरेट आयात भइसकेको छ । आर्थिक वर्ष ०७९/८० मा ३२ लाख २३ हजार ६ सय ८७ थान, आव ०७८/७९ मा एक लाख ८७ हजार नौ सय ८४, आव ०७७/७८ मा २९ हजार २८ र आव ०७६/७७ मा दुई सय थान नेपाल ल्याएको तथ्यांक छ ।

चीनबाट सबैभन्दा धेरै आयात

नेपालमा सबैभन्दा बढी यस्ता सुर्तीजन्य पदार्थयुक्त डिभाइस चीनबाट आउने गरेको तथ्यांक छ । चीनबाहेक अमेरिका, भारत, संयुक्त अरब इमिरेट्स, बेलायतलगायत देशबाट समेत इसिगरेट, हुक्का आयात भइरहेका छन् । सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिकाले इसिगरेट, हुक्काजस्ता डिभाइस प्रयोग गर्न नपाइने उल्लेख गरेको छ । तर, कानुन कार्यान्वयन प्रभावकारी नहुँदा हरेक वर्ष करोडौं रुपैयाँका डिभाइस नेपाल भित्रिने गरेको भन्सार विभागले जनाएको छ । होटेल तथा रेस्टुरामा युवामाझ हुक्का र विद्युतीय चुरोट सेवन गर्ने प्रतिस्पर्धाजस्तै हुने गरेको छ । यो निकै चुनौतीपूर्ण भएको भन्दै नियन्त्रण गर्न विज्ञहरूको सुझाव छ ।

तत्काल वाम...

« पृष्ठ १ बाट क्रमशः

गहिरो सहकार्य र विश्वासको वातावरण निर्माण हुँदै जाँदा विचार मिल्नेहरू भविष्यमा आफैं क्रमशः एकै ठाउँमा हुने उनको दाबी छ । प्रतिवेदनमा ओलीले लेखेका छन्, ‘यति नै वेला निश्चित दल, विचार र शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुव या अन्य कुनै नाममा गरिने ध्रुवीकरण उचित, व्यावहारिक र लाभदायी हुँदैन । सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरू क्रमशः एकै ठाउँ हुँदै जानेछन् ।’

मुलुकका मुख्य प्रश्न तथा गम्भीर समस्या समाधानका लागि सबै राजनीतिक दलबीच न्यूनतम समझदारी र विचार मिल्नेबीच सहकार्य हुनुपर्नेमा उनको जोड छ । ‘हिजोको सत्तागठबन्धनले एमालेप्रति प्रतिशोध, मुठभेड र निषेधको नीति लियो । महत्वपूर्ण राष्ट्रिय प्रश्नहरूमा प्रतिपक्षलाई साथमा नलिने मात्र होइन, जानकारीसमेत दिने न्यूनतम औपचारिकतासम्म पूरा गरेन । राष्ट्रिय हितमा आघात पुऱ्याउने कतिपय प्रश्नमा गोप्य सहमतिहरू गरिए । त्यो अलोकतान्त्रिक र अराजनीतिक तरिका थियो । हामी त्यसो गर्दैनौं,’ ओलीको राजनीतिक प्रतिवेदनमा उल्लेख छ, ‘मुलुकको परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, विकास र पूर्वाधारका राष्ट्रिय एजेन्डा, संक्रमणकालीन न्याय र संवैधानिक प्रश्नमा प्रतिपक्षलगायत सबैसँग सार्थक संवाद गर्ने हाम्रो नीति हुनेछ ।’

राजनीतिक विश्लेषक प्राध्यापक कृष्ण पोखरेल चुनाव र आन्दोलनको समय नभएको र वामबाहेकका दलको समेत समर्थनमा सरकार बनेको अवस्थामा ओलीको यो भनाइ रणनीतिक रूपमा आएको बताउँछन् । ओली पछिसम्म यही लाइनमा नरहने उनको बुझाइ छ ।

मित्रराष्ट्रलाई सहयोगी र सकारात्मक बन्न आग्रह

सन्तुलित, असंलग्न, विश्वसनीय, दिगो र पारस्परिक विश्वास र लाभमाथि आधारित परराष्ट्र नीतिका आधारमा मुलुकको बाह्य सम्बन्ध परिचालन हुनुपर्नेमा ओलीले जोड दिएका छन् । ‘सबैसँग मित्रता, कसैसँग छैन शत्रुता’का आधारमा अघि बढ्ने ओलीले स्पष्ट पारेका छन् ।

‘कुनै पनि स्वतन्त्र राष्ट्रले अरूको आदेश, निर्देश वा हितका लागि काम गर्नुपर्ने बाध्यता स्वीकार्न सक्दैन । हामी स्वाधीनताको साँचो प्रयोगमा जोड दिन चाहन्छौं । राष्ट्रिय हितलाई केन्द्रविन्दुमा राखेर छिमेकीलगायत सबै मित्रराष्ट्रसँग विश्वसनीय सम्बन्ध र आर्थिक साझेदारी विकास गर्न चाहन्छौं,’ उनको राजनीतिम प्रतिवेदनमा छ, ‘हामी छिमेकीलगायत मित्रराष्ट्रका जायज चासो र सरोकारप्रति संवेदनशील छौं । त्यसैगरी उहाँहरू पनि नेपालको राष्ट्रिय हित, स्वतन्त्र विदेश नीति, बाह्य सम्बन्ध सञ्चालन र संवेदनशीलताप्रति सहयोगी र सकारात्मक बन्नुहोस् भन्ने चाहन्छौं । सबैसँग मित्रता, कसैसँग छैन शत्रुता, सदाझैं हाम्रो बाह्य सम्बन्धको मूल आधार रहनेछ ।’

सक्नेले लुट्ने होइन, सबै माथि उठ्ने समाजको परिकल्पना

अर्थतन्त्रलाई मन्दीबाट बाहिर निकालेर चलायमान बनाउन चाहेको ओलीले बताएका छन् । विकासको अवरुद्ध प्रक्रियालाई बदल्ने, विकास निर्माणको गेयर बदल्ने, लगानी बढाउने, महँगी नियन्त्रण र अन्य उपायमार्फत जनतालाई राहत दिन चाहेको उनको भनाइ छ ।

विदेश पलायन समस्याको समाधान नभएको भन्दै उनले उत्पादन वृद्धि र उद्यमशीलता प्रवर्द्धनमा जोड दिएका छन् । यस्तो अवस्थामा समृद्धिको आकांक्षा पूरा हुने, बेरोजगारी र युवा प्रवासनको चुनौती समाधान गर्न सकिने ओलीको विश्वास छ ।

समाजवाद राजनीतिक प्रणाली मात्रै नभई, मानवतावादी, मानवकेन्द्रित अर्थ-सामाजिक व्यवस्थासमेत भएको उनको विश्लेषण छ । समाजवादले जिम्मेवार सरकारको परिकल्पना गर्नेसमेत प्रतिवेदनमा उल्लेख गरेका छन् । ‘जसले कोही पनि पछाडि नपरून्, विकासको यात्रामा कोही पनि नछुटून् भनेर योजनाबद्ध ढंगले काम गर्छ । लोक कल्याणकारी राज्यको जिम्मेवारी वहन गर्छ । जसको अभिभावक छैन, त्यसको अभिभावकत्व सरकारले लिन्छ । जो बेसहारा छ, त्यसको सहारा सरकार बन्छ । सामाजिक न्याय र सुरक्षा तथा प्रत्येक नागरिकको मौलिक हकको रक्षा गर्छ,’ ओलीले भनेका छन्, ‘ठूलो जनसंख्यालाई गरिबीको रेखामुनि अलपत्र छाडेर सानो समूह मात्रै सम्पन्न हुने कुरालाई साँचो समृद्धि मान्न सकिँदैन । भोकमरी, गरिबी र अभावको बीचमा समृद्धि प्राप्त हुन सक्दैन । सक्नेले लुट्ने होइन, सबै माथि उठ्ने समाजको हामीले परिकल्पना गरेका हौं ।’

जनआधारित पार्टी निर्माणका ६ समस्या

ओलीले जनआधारित कार्यकर्ता पार्टी निर्माणमा देखिएका ६ समस्या पनि औंल्याएका छन् । पार्टी सदस्यता वितरण, नवीकरण र परीक्षण, प्रतिनिधि छनोट, अधिवेशन र नेतृत्व चयन, कमिटी सञ्चालन, चेन अफ कमान्ड र कार्यकर्ताको मूल्यांकन, कार्यशैली, जीवनशैली र कार्यकर्ताको आचरण, आर्थिक-सामाजिक रूपान्तरण र जनचासोका विषय सम्बोधन तथा निर्वाचनमार्फत निर्णायक राष्ट्रिय शक्ति निर्माणलाई उनले समस्याका रूपमा औंल्याएका हुन् । ‘हामीले केही समस्याहरूको सामना गरिरहेका छौं, जसलाई यस बैठकमा बृहत् छलफल गरेर निष्कर्षमा पुग्नुपर्नेछ,’ यी ६ विषय प्रस्तुत गर्दै ओलीले भने । बैठकमा सघन छलफलबाट यसको गहन निष्कर्ष निस्किने अपेक्षा रहेको पनि बताए ।

चीन जोड्ने...

« पृष्ठ १ बाट क्रमशः

जसले नेपाल र चीनलाई पहिलोपटक सडकबाट जोड्यो, त्यसलाई जोड्ने सीमा सडकको बेहालप्रति काठमाडौंमा आवाज सुनिँदैन ।

‘कोदारी राजमार्गको अवस्था अत्यन्तै समस्याग्रस्त छ । हाम्रो प्रयासमा अलिकति मर्मत गराएर गाडी कुदेनेसम्म बनाएका छौं । तर, दुःखसाथ भन्नुपर्छ बाटोको अवस्था समस्याग्रस्त छ,’ भखैरै तातोपानी पुगेर फर्केका सोही क्षेत्रका सांसद माधव सापकोटाले भने, ‘चीन सरकारले मर्मत गर्ने घोषणा गरेको यो क्षेत्रमा सन्तोषजनक काम भएको देखिएन । यसबारेमा चिनियाँ राजदूतलाई पनि भनिसकेको छु ।’

दश वर्षअघि तत्कालीन राष्ट्रपति डा. रामवरण यादवको चीन भ्रमणका वेला १४ चैत ०७१ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले ९० करोड चिनियाँ मुद्रा (१६ अर्ब २० करोड रुपैयाँ) अनुदान घोषणा गरेका थिए । यो रकमले कोदारी मात्र नभएर पूरै अरनिको राजमार्ग मर्मत गर्ने दुई देशको सहमति थियो । अरनिको मर्मतका नाममा तीन चरणमा चीनले करिब १० अर्ब रुपैयाँ खर्च गरिसकेको जानकारी अर्थ मन्त्रालयमा दिएको छ । चाइना रेलवे कन्स्ट्रक्सन कम्पनी राजमार्ग मर्मतमा संलग्न थियो । चिनियाँ अनुदान रकममा चिनियाँ ठेकेदार कम्पनी संलग्न भएको, तर कहाँ काम भयो भन्नेमा जानकारी नभएको उक्त राजमार्ग हेर्ने सडक डिभिजन कार्यालय चरिकोटका सूचना अधिकारी इन्जिनियर सुरज महर्जनले जानकारी दिए ।

तातोपानी र तिब्बतको जाङ्मु (खासा) जोड्ने सडकमार्ग ०७२ को भूकम्पपछि लामो समय बन्द भयो । किनभने चीनले भौगर्भिक कारण देखाएर सीमानाका बन्द गऱ्यो । ०७३ मा भोटेकोशीमा आएको बाढीले तातोपानी क्षेत्रमा ठूलो क्षति पुऱ्यायो । कोरोना महामारीसमेत थपिएपछि बन्द भएको नाका ०७७ कात्तिकमा एकतर्फी खुलेर फेरि बन्द भएको थियो । तर, सर्वसाधारणका लागि भने भूकम्पको आठ वर्षपछि गत १५ भदौदेखि खुलेको थियो । तर, कोदारी राजमार्ग मर्मत नहुँदा तातोपानी नाका पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन ।

नेपालको कोदारी राजमार्गको गुणस्तर, तातोपानी लिपिङ बजारको अवस्थिति, तिब्बततिर खासा बजारको पुनर्निर्माण र तिब्बतसँग जोडिएको चिनियाँ सुरक्षा संवेदनशीलताले कोदारी राजमार्गको भविष्य जोडिएको छ ।

आगलागीबाट गुल्मीमा २८ घरगोठ जले, कैलालीमा करिब आठ बिघामा लगाएको गहुँबाली नष्ट

धनगढीमा **तेजराज भट्ट**
गुल्मीमा **टोपलाल अर्याल**

कैलालीको जोशीपुर र बर्दगोरिया गाउँपालिकामा खेतमा भित्र्याउन ठिक्क भएको गहुँबालीमा भीषण आगलागी हुँदा ठूलो क्षति भएको छ। प्रहरीले संकलन गरेको विवरणअनुसार करिब आठ बिघामा लगाएको गहुँबाली आगलागीले नष्ट भएको छ। गहुँ काटेर भित्र्याएको ठाउँमा समेत करिब ५० बिघा खेतमा आगलागी भएको प्रहरीले जनाएको छ।

शनिबार दिउँसो बर्दगोरिया गाउँपालिका- ६, स्थानीय विपना गड्सेलाले बारीमा लगाएको आगो गहुँको खेतमा सल्किएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कवीन्द्रसिंह बोहराले बताए। खेतमा सल्किएको आगोसँगै जोडिएको जोशीपुर गाउँपालिका- ६, सिमरी र पकडिया गाउँसम्म पुगेको थियो।

आगलागीबाट जोशीपुरको सिमरी र पकडिया गाउँका १५ किसानको करिब एक सय ४४ कट्ठा खेतमा लगाएको गहुँबाली नष्ट भएको इलाका प्रहरी कार्यालय जोशीपुरका प्रहरी निरीक्षक गणेशबहादुर थापाले जानकारी दिए। उनका अनुसार एकै किसानको अधिकतम एक बिघासम्ममा लगाएको गहुँबाली जलेर नष्ट भएको छ। करिब ५० बिघाजति खेतमा आगलागी भएकोमा कतिपय किसानले गहुँ भित्र्याइसकेको प्रहरीले जनाएको छ। काट्न बाँकी, काटेर खेतमा छोडेको र थ्रेसिङका लागि खेतमै थुपारेर राखेको गहुँ जलेर नष्ट भएको वडाध्यक्ष भोजराज डगौराले बताए। 'गहुँ काटेर भित्र्याइसकेको ठाउँमा पनि नल थियो। गर्मीको समयमा दिउँसो अलिअलि हावा पनि चलेको थियो,' उनले भने, 'सुकेको गहुँ र नलमा सल्केको आगो नियन्त्रण गर्ने कठिन भयो।'

टीकापुर, लम्कीचुहा र घोडाघोडी नगरपालिकाबाट आएका तीनवटा एम्बुलेन्स, स्थानीय र सुरक्षाकर्मीको प्रयासमा करिब साढे दुई घन्टापछि आगलागी नियन्त्रणमा आएको वडाध्यक्ष डगौराले बताए। उनका अनुसार खेतमा भीषण आगलागी भएपछि गाउँमा दुई सयभन्दा बढी मानिस जम्मा भएका थिए, तर दमकलविना आगो नियन्त्रणमा आउन सकेन। ट्र्याक्टरले खेत जोतेरसमेत आगलागी नियन्त्रणमा लिने प्रयास गरिएको थियो।

बर्दगोरियाको जोकहींका तीनजना किसानको करिब एक बिघा खेतको गहुँ जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय सडकपुरले जनाएको छ। बर्दगोरिया-६, का वडाध्यक्ष भोजराज डगौराले छिमेकी पालिकाबाट दमकल आउन समय लागेकाले बढी क्षति भएको बताए। स्थानीयका अनुसार जोशीपुर र बर्दगोरिया गाउँपालिकासँग दमकल छैन। आगो निभाउनका लागि ठूलो संख्यामा स्थानीय बासिन्दा र सुरक्षाकर्मी जम्मा भए पनि गर्मीयाममा तीव्र रूपमा फैलिएको आगो निभाउन नसकिएको वडाध्यक्ष डगौराले बताए। 'काटेर थ्रेसिङका लागि खेतमै थुपारेको गहुँ पनि बचाउन सकिएन,' उनले भने, 'आगलागीले गहुँबालीमा ठूलो क्षति पुऱ्याे। किसान मारमा परेका छन्।'

सिमरीका किसान फुलराम चौधरीले आफूले १९ कट्ठामा लगाएको गहुँ आगलागीबाट नष्ट भएको बताए। 'अधिया लिएर गहुँ लगाएको थिएँ, वर्षभरि खाने गुजाराको माध्यम त्यही थियो,' उनले भने, 'वर्षभरिको मिहिनेत र लगानी नष्ट भयो।' लगाएको बाली नष्ट भएपछि खेतीमा निर्भर १० जनाको परिवारको गुजारा कसरी गर्ने भन्ने चिन्ताले पिरोलेको उनले बताए। 'आधा काटेर खेतमै छोडेको थिएँ, आधा गहुँ काट्नै बाँकी थियो,' सिमरीकै अर्का किसान रामचन्द्र कठरियाले भने, 'आगोले सबै नष्ट गरिदियो।' आफूले आठ कट्ठामा लगाएको गहुँ जलेर नष्ट भएको उनले बताए। बीउ, मल, खनजोतमा भएको लगानी तथा परिश्रम खेर गएको उनले बताए। स्थानीयका अनुसार सडक परेकाले थप आगलागी फैलन पाएन। 'सीमरीमा सडक भएकाले आगलागी उता जान पाएन,' जोशीपुर- ६, का वडासदस्य खडकबहादुर डगौराले भने, 'सडक नभएको भए गाउँ नै सखाप हुने थियो।'



कैलालीको जोशीपुर गाउँपालिकामा गहुँखेत र काटेर राखेको गहुँमा लागेको आगो।



गुल्मीको इस्मा गाउँपालिका- १ को हस्तीचौरमा आगलागीबाट क्षति भएको घर।



गुल्मीका सिडिओ **कृष्णप्रसाद शर्मा** भन्छन्- डढेलोले धेरै क्षति भएको इस्माका तीन स्थानमा उद्धार र राहतको काम सुरु भएको छ।

एउटा विद्युत् सबस्टेसन जल्यो, अर्को उच्च जोखिममा

गुल्मीका विभिन्न स्थानमा लागेको डढेलोबाट ठूलो क्षति भएको छ। शुक्रबार र शनिबार इस्मा गाउँपालिकाको १ र ४ वडामा लागेको आगोले २७ घरगोठ र गुल्मी दरबार गाउँपालिकामा एउटा घर जलेको छ। सामुदायिक वनमा लागेको डढेलो बस्तीमा पसेर भौतिक संरचना र पशुचौपायाको क्षति गरेको छ।

इस्मा- १ की वसुन्धार कुँवरको घर बंगालो पूर्ण रूपमा जलेर नष्ट हुँदा घरमा भएको सबै सम्पत्ति र गोठमा रहेका आठ बोका, पाँच बाख्रा र दुई भैंसी जलेर मरेका छन्। सोही ठाउँका चन्द्रबहादुर कुँवरको घर, कुटानी पिसानी गर्ने मिल, किराना पसल र बंगालो जलेर पूर्ण रूपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता शंकरप्रसाद पोखरेलले जानकारी दिए। यस्तै, रमेश थापाको घरगोठ, होमबहादुर मल्लको बंगालो, लीलाबहादुर थापाको घरकटेरो, टीकाबहादुर रायामाझीको घरगोठ, गोलबहादुर थापाको किराना पसल, धर्मराज थापाको घरगोठ र कुटानी-पिसानी मिल, इन्द्रबहादुर थापाको किराना पसल र तीनवटा गोठ, रामबहादुर थापाको घरगोठ जलेको छ।

स्थानीय सिदुंखाको रानी सामुदायिक वनमा लागेको डढेलो बस्तीमा पसेपछि हस्तिचौरका १५ जनाको घरगोठ र चार दर्जन पशुचौपाय जलेको उनले बताए। इस्मा गाउँपालिका- ४ को हुल र कोटकोटेरी गरेर शनिबार दुई स्थानमा डढेलो लागेको छ। हुलमा लागेको डढेलो बस्ती पसेपछि टोकली बस्नेतको बंगालो, सूर्य र गुन्जबहादुर बस्नेतको गोठ जलेर नष्ट भएका छन्।

इस्मा गाउँपालिका- ४ कै कोटकोटेरीमा जंगलको डढेलो बस्ती पसेपछि स्थानीय ऋषिराम खनाल, बलबहादुर दर्जी, सरिता अधिकारी, ज्ञानु अधिकारी, विमला अधिकारी, सुरेन्द्रलाल विक, रामबहादुर अधिकारी, गोरखनाथ विकको घर र कगेश्वर विकको बंगालो जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ। गाउँमा पाइपहरू जलेपछि खानेपानीको प्यासमा डढेलो पीडित तड्पिएका छन्। नगद, खाद्यान्न, लत्ताकपडासहित जलेकाले पीडित परिवारको बिचल्ली भएको छ। हावासहित तीव्र रूपमा आगो बस्ती पसेकाले तत्काल उद्धारको काम भइरहेको इस्मा गाउँपालिका- ४ का वडाध्यक्ष मानबहादुर बस्नेतले जानकारी दिए। उनले डढेलो नियन्त्रणको प्रयास भए पनि तत्काल सम्भावना कम भएको बताए।

शुक्रबार र शनिबार इस्मा, रेसुंगा, गुल्मीदरबार र रुरुक्षेत्रलगायतका स्थानीय तहका विभिन्न स्थानमा डढेलो बस्तीमा फैलिएको छ। मदाने र मालिकामा पर्ने गुराँसे वनमा दुई दिनदेखि डढेलो लागिरहेको छ। जंगलको डढेलो बस्ती पस्दा मदाने गाउँपालिकाका केही घरमा पनि क्षति पुगेको छ।

इस्मा गाउँपालिका- १ मा लागेको डढेलोका कारण ट्र्याक्टरचालक १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका- ७ पल्टारका २१ वर्षीय प्रेम राना घाइते भएका छन्। उनीहरूको हातखुट्टा र अनुहार जलेको प्रहरीले जनाएको छ। घाइतेको गुल्मी अस्पताल तम्घासमा उपचार भइरहेको छ। डढेलोका कारण लु४त ६५३५ नम्बरको ट्र्याक्टर जलेर पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। आगलागीबाट भएको क्षतिको विवरण संकलनको कार्य भइरहेकाले आइतबारसम्म यकिन तथ्यांक आउने प्रहरीले जनाएको छ।

शुक्रबार नजिकैको वनबाट लागेको डढेलो पसेपछि गुल्मीदरबार गाउँपालिका-४ वीरवासको विद्युत् सबस्टेसन जलेको छ। सबस्टेशन पूर्णरूपमा क्षति हुनबाट रेसुंगा नगरपालिकाको दमकल, सुरक्षाकर्मी र स्थानीयले बचाएका छन्। आगोबाट करिब दुई करोडबराबरको क्षति भएको छ। नेपाल विद्युत् प्राधिकरण गुल्मी वितरण केन्द्रका प्रमुख अर्जुन पोखरेलका अनुसार महत्त्वपूर्ण कन्डक्टर, केवललगायत सामग्री जलेकाले प्रारम्भिक रूपमा करिब दुई करोडको क्षति भएको अनुमान गरिएको छ। रेसुंगा नगरपालिका- ७ को पाताल सामुदायिक वनमा डढेलो लागेपछि उनायचौरको १३२ केभिए राष्ट्रिय विद्युत् प्रसारण लाइनको सबस्टेसन आगलागीको उच्च जोखिममा रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक सूर्यभान चौधरीले जानकारी दिए। उनायचौरमा करिब ४१ करोडको लागतमा सबस्टेसन निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

डढेलोले धेरै क्षति भएको इस्माका तीन स्थानमा उद्धार र राहतको काम सुरु भएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले जानकारी दिए। अहिले तत्काल नजलेका घरमा पीडितको खानेबस्नेसहितको व्यवस्थापन गरिएकाले आइतबार थप राहतको काम गरिने उनको भनाइ छ। उनले धेरै स्थानमा डढेलो भएकाले मानवीय क्षति हुन नदिने गरेर सुरक्षाकर्मी र स्थानीयको सक्रियता बढाएको बताए। डढेलोकै कारण करिब तीन दर्जन परिवार खुला आकाशमा बस्न बाध्य छन्।

सहकारी बोर्डको अनियमितितामा मन्त्रालयको छानबिन

नयाँ पत्रिका

राष्ट्रिय सहकारी विकास बोर्डमा कर्मचारीले गरेको अनियमिततामाथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले विस्तृत छानबिन गरेको छ। छानबिनमा कर्मचारीको भूमिका शंकास्पद देखिएको उल्लेख छ। दोषी कर्मचारीमाथि कारबाहीका लागि प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाउने मन्त्रालयको तयारी छ।

बोर्डमा कर्मचारीले शृंखलाबद्ध रूपमा अनियमितता गरेको उजुरीपछि मन्त्रालयले सहसचिव ज्ञानराज सुवेदीको नेतृत्वमा छानबिन गरेको थियो। छानबिनले केही कर्मचारीले बोर्डलाई नै नोक्सान हुने किसिमका गतिविधि गरेको भन्दै त्यसउपर विस्तृत छानबिनका लागि अख्तियार पठाउन लागिएको मन्त्रालयका एक अधिकारीले बताए।



छानबिन समितिले मुख्य गरी लगनखेलमा रहेको भवन लिजमा लगाउँदा भएको अनियमितताका सम्बन्धमा छानबिन गरेको थियो। २ वैशाख ०७८ मा बोर्डले प्रतीक ढकालसँग मासिक सात लाख १८ हजार पाँच सय रुपैयाँ भाडा तिर्ने गरी लिज सम्झौता गऱ्यो। तर, त्यो सम्झौता कार्यान्वयन हुन नसक्दा बोर्डले करोडौं नोक्सान व्यहोरेको छ। यसमा कर्मचारीको मिलेमतो देखिएको भन्दै मन्त्रालयले छानबिन गरेको हो। उजुरीमा आएका विभिन्न विषयमा छानबिन गरेर प्रतिवेदन बुझाइएको र यसलाई मन्त्रालयले कार्यान्वयनमा लैजाने सहसचिव सुवेदीले बताए।

ठेक्का लिने ढकालले एक महिनामै सम्झौता रद्द गर्न बोर्डमा निवेदन दिएका थिए। सम्झौता रद्द गर्दा उनले बोर्डलाई दिनुपर्ने क्षतिपूर्ति हालसम्म बुझाएका छैनन्, उल्टै बोर्डविरुद्ध जिल्ला अदालत, ललितपुरमा मुद्दा दिएका छन्।

जब कि उनले यहीबीचमा व्यवसायीहरूसँग सम्झौता गरेर सो भवनबाट भने भाडा उठाएका थिए। त्यतिवेला बोर्डले आफैं भाडा उठाएको रसिद खडा गरेर कर्मचारीले ढकाललाई बुझाएपछि यसमा मिलेमतोको आंशका गरिएको हो। अर्कोतर्फ, ठेक्का लिने व्यक्ति त्यसवेला बोर्डमै कार्यरत कर्मचारीका दाइ भएकाले पनि यसमा मिलेमतो देखिएको हो। ढकाललाई उभ्याएर भवन लिजमा दिने र आफैं सब लिजमा लगाएर कमाउने योजनाअनुसार काम भएको, तर योजनाअनुसार भाडा नउठेपछि सम्झौता रद्द गर्ने प्रयास भएको थियो। तर, हालसम्म नयाँ ठेक्का नलाग्दा यसबाट बोर्डले भाडा गुमाइरहेको छ भने व्यवसायीहरूले पुरानै भाडादरमा भाडा तिरिरहेका छन्।

बोर्डको बैठकले २ भदौ ०७८ बाट सम्झौता रद्द गर्ने निर्णय गर्दै सो अवधिको ५३ लाख बुझाउन पत्राचार भएको थियो। सो मुद्दामा पनि बोर्डका प्रशासन तथा लेखाका कर्मचारीको भूमिका शंकास्पद देखिएको छानबिन प्रतिवेदनमा उल्लेख छ। ढकाललाई फाइदा हुने गरी कर्मचारीहरूले अदालतमा कागजपत्र बुझाएकोसमेत भेटिएको छ। सो बोलपत्रसँग सम्बन्धित टिप्पणी आदेश, बोलपत्रको सूचना, बोर्डका निर्णयलगायतका बलिया प्रमाण हटाएर अदालतमा कागजपत्र पठाइएको छ।

साथै, सम्झौता रद्द नहुँदै बोर्डले नै भाडा उठाएको रसिद खडा गरेरसमेत बोर्डविरुद्धकै गतिविधिमा कर्मचारीको संलग्नता देखिएको छ। केही कर्मचारीले त व्यक्तिगत रूपमा आफैं भाडा उठाएकोमा पछि छानबिन भएपछि बोर्डको खातामा दाखिला गराएका थिए।

विगतमा पनि लेखा शाखाबाट बदमासी भएको खुलेपछि बोर्डका उपनिर्देशक टाइन्द्रप्रसाद अधिकारी नेतृत्वको छानबिन समिति बनाइएको थियो भने लेखा अधिकृत विनिता धितालले केही समयका लागि जिम्मेवारीबाट हटाइएको थियो। तर, छानबिन निष्पक्ष हुन नसकेपछि मन्त्रालयले नै छानबिन गरेको हो। यसमा लेखा अधिकृत धितालसहित उपनिर्देशक मुकेश कर्ण र टाइन्द्र अधिकारीमाथि समेत थप छानबिन गर्नुपर्ने औंल्याइएको छ।

गण्डकीका दुई मन्त्रीलाई मन्त्रालयको जिम्मेवारी

कास्की/ नियुक्त भएको १४ दिनमा गण्डकीका दुई मन्त्रीले मन्त्रालयको जिम्मेवारी पाएका छन्। २५ चैतमा नियुक्त विनाविभागीयमन्त्री हरिबहादुर चुमानले आर्थिक मामिला र राजीव गुरुङ (दीपक मनाङे)ले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी पाएका हुन्। मुख्यमन्त्री खगराज अधिकारीको सिफारिसमा प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मौजुदा मन्त्रिपरिषद्मा हेरफेर गरी शनिबार चुमान र गुरुङको कार्यविभाजन गरेका हुन्। यसअघि शनिबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले मन्त्रीहरूको कार्यविभाजन गर्ने निर्णय गरेको थियो। पदमा बहाल रहेका सभामुखको गणना गर्दै एमाले संसदीय दलका नेता अधिकारी २५ चैतमा मुख्यमन्त्री नियुक्त भएका थिए।

नौ महिनामा उपत्यकामा साढे सात हजार दुर्घटना

काठमाडौं/ नौ महिनाको अवधिमा काठमाडौं उपत्यकामा सात हजार चार सय ८३ दुर्घटना हुँदा एक सय २७ जनाले ज्यान गुमाएका छन्। साउनदेखि चैतसम्मको ट्राफिक प्रहरीको तथ्यांकअनुसार यो अवधिमा दुई सय नौजना गम्भीर घाइते तथा ६ हजार दुई सय ४६ जना सामान्य घाइते भएका छन्।

दुर्घटनाको संख्या अघिल्लो वर्षको तुलनामा घटेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसएसपी जीवनकुमार श्रेष्ठले बताए। उनका अनुसार अघिल्लो वर्षको यही अवधिमा १० हजार ६ सय २७ दुर्घटना हुँदा एक सय ५० जनाले ज्यान गुमाएका थिए भने एक सय ८९ जना गम्भीर घाइते भएका थिए। ट्राफिक नियम पालनामा ट्राफिक प्रहरीको सक्रियताका कारण पनि दुर्घटना घटेको एसएसपी श्रेष्ठले बताए। 'नियम पालनामा हामीले अझै धेरै कडाइ गरेका छौं,' उनले भने, 'सिसिक्यामेरालगायत प्रविधिको समेत प्रयोग तथा सचेतना बढाएर सडकमा अनुशासन पालना गराउने ट्राफिक प्रहरीको प्रयास छ।

यसैबीच, कीर्तिपुरको चोभारडाँडास्थित जंगलमा लागेको आगो निभाउन गएको दमकल दुर्घटना हुँदा ६ जना घाइते भएका छन्। घाइते हुनेमा तीन सशस्त्र प्रहरी र तीन नगर प्रहरी छन्। कीर्तिपुर नगरपालिका- ६, चोभार गेटस्थित जंगलमा भएको आगलागी निभाउने क्रममा काठमाडौं महानगरपालिकाको दमकल शनिबार दिउँसो दुर्घटनामा परेको हो।

इलामको सिस्नेमा खानेपानी र बिजुली सधैंको चुनावी एजेन्डा

साकफारा (इलाम)मा **चिरञ्जीवी घिमिरे**

इलाम चुलाचुली-६ स्थित देहात गाउँ सिस्नेकी ५६ वर्षीया मञ्जु राईले प्रजातन्त्र पुनर्स्थापनापछिका सबै निर्वाचनमा मत हालिन्। आउँदो १५ वैशाखमा हुने उपनिर्वाचनमा पनि मत हाल्ने तयारीमा छिन्। उपनिर्वाचन नजिकिएपछि डेढ वर्षपछि फेरि दलका नेता मत माग्दै गाउँ पसेका छन्। तर, गाउँ बसेका नेतासँग नयाँ एजेन्डा छैन।

खानेपानी र बिजुली जस्ता कहिल्यै पूरा नहुने एजेन्डा बोकेर निरन्तर नेता गाउँ पस्ने गरेको मञ्जु बताउँछिन्। 'सबै निर्वाचनमा खानेपानी र बिजुली दिन्छौं भन्छन्। चुनाव सकिन्छ नेता हराउँछन्। उनीहरूको बोली (प्रतिबद्धता) पनि यसै सेलाएर जान्छ,' उनले भनिन्, 'यसपटक पनि गाउँमा भोट माग्न आउने सबै उम्मेदवारले तिमीहरूको समस्या सबै समाधान गरिदिन्छौं भन्छन्। यिनीहरू पनि चुनाव सकिएपछि हराउँछन्। अर्को चुनावमा फेरि यही मुद्दा लिएर भोट माग्न आउँछन्।'

चुरेको विकट यो गाउँमा पातलो बस्ती छ। सिस्नेमा करिब २० घर मात्र छन्। यहाँका जनता अहिले पनि बिजुली र खानेपानीको पहुँचभन्दा टाडा छन्। 'सक्नेले सोलार राखेको छ। त्यो सोलार पनि घाम लाग्दा मात्र काम दिन्छ। नसक्नेले टुकी बालेर बस्छन्,' सिस्नेका नरबहादुर नेम्वाङले भने, 'खानेपानीको उस्तै दुःख छ। हिउँदमा त मुहान पनि सुक्छ। दुई/तीन घण्टा बोकेर खानुपर्छ। बर्खामा आकाशबाट आएको पानी घरको टिनबाट थापेर खान्छौं।' नजिकै खानेपानीको मुहान नहुँदा मावा खोलाआसपासबाट पानी बोकेर खानुपर्ने पीडा सुनाउँछन्, नरबहादुर। उनको बाटोमै घर छ। बाटो हिँड्ने मानिसले पानी माग्दा पनि दिन नसक्ने अवस्था रहेको उनी बताउँछन्। 'बाटोको घर भएका कारण बाटो हिँड्ने मान्छेले पानी मागिरहन्छन्। पानी दिने मन त हामीलाई पनि हुन्छ। तर, टाढाबाट बोकेर ल्याएको पानी चाहेर पनि दिन सक्दैनौं,' उनले भने, 'मधुमल्लाबाट बोतलको पानी किनेर ल्याउँछौं र त्यही पानी बाटो हिँड्नेलाई बेच्छौं।'

निर्वाचनमा पानी र बिजुलीको मुद्दा उठाउने उम्मेदवार निर्वाचन सकिएसँगै गाउँ पनि नआउने गरेको उनी बताउँछन्। 'चुनावका वेलामा जोडतोडका साथ मुद्दा उठाउँछन्। हामी सबै काम गरिदिन्छौं भनेर आश्वासन पनि दिन्छन्,' नेम्वाङले भने, 'चुनाव सकिएपछि एकैपटक अर्को चुनावमा मात्र आउँछन्। हामी खानेपानी अभावमा काकाकुल र बिजुली अभावमा अँध्यारोमै बस्न बाध्य छौं।' राज्यका निकायले यो गाउँलाई बेवास्ता गरेको उनी बताउँछन्। 'यहाँ २० घर छन्। ती घरहरूबाट आउने भोटलाई नेताहरूले भोटबैंक बनाए। तर, यहाँको विकासका लागि अरू केही पनि गरेनन्,' उनले भने, 'अहिले पनि आश्वासन लिएर दिनैपिच्छे नेताहरू गाउँ आएका छन्। तर, पूरा हुन्छ भन्ने लागेकै छैन।



इलाम चुलाचुली- ६ तोरीबारीकी रञ्जना लिम्बू पानी बोकेर घर जाँदै।

रञ्जना लिम्बू तोरीबारीको एक विद्यालयमा कक्षा आठमा पढ्छिन्। उनी दैनिक पानी बोकेर मात्र विद्यालय जान पाउँछिन्। घरबाट विद्यालय जान ओरालो भएका कारण दैनिक डेढ घन्टा पैदल हिँड्नुपर्छ। घर फर्कंदा उकालोमा दुई घन्टा लाग्छ। 'यति टाढाको स्कुलबाट आएर पनि एक गाग्री पानी त ल्याउनैपर्छ। बिहान पनि पानी बोकेर मात्र स्कुल जान पाइन्छ। यसरी बोकेको पानी गाईवस्तुदेखि मान्छेसम्मले प्रयोग गर्नुपर्दछ,' उनले भनिन्, 'हाम्रो ठाउँमा पानीको साह्रै दुःख छ। बिजुलीको पनि उस्तै दुःख छ। घाम नलागेको दिन त बेलुका बत्ती नै बल्दैन। हामीले पढ्न पाउने राति नै हो। बत्ती नभएपछि पढ्न पनि मुस्किल छ।'

चुलाचुली- ६ का वडाध्यक्ष दिलकुमार राईले यो वडा चुलाचुलीको अन्य वडाको तुलनामा धेरै विकट भएको बताए। यहाँका बस्तीमा खानेपानी, बिजुलीको अभाव कायमै रहेको वडाध्यक्ष राई बताउँछन्। 'हाम्रो वडामा दशवटा टोल विकास संस्था छन्। तीमध्ये चुरेको तल्लो भेग तोरीबारीका दुई टोल विकासमा बिजुली छ। माथिल्लो दशमी क्षेत्रको एउटा टोल विकासमा बिजुली बालिएको छ। बाँकीमा बिजुली नै छैन,' वडाध्यक्ष राईले भने, 'केही गाउँमा स्थानीय उपभोक्ताले स्थानीय खोलाबाट लघुजलविद्युत् चलाएका छन्।'

इलाम बजारमा कांग्रेसको चुनावी सभा

आगामी १५ वैशाखमा इलाम २ मा हुने उपनिर्वाचनलाई लक्षित गरेर कांग्रेसले इलाम सदरमुकाममा शनिबार चुनावी सभा गरेको छ। कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालगायतको उपस्थितिमा चुनावीसभा आयोजना गरिएको हो। इलाम २ मा कांग्रेस उम्मेदवार डम्बर खड्का छन्।



चुनावी सभालाई सम्बोधन गर्दै कांग्रेस महामन्त्री गगन थापा

कांग्रेस महामन्त्री थापाले इलाममा हुन लागेको उपनिर्वाचनले उत्तेजनाको राजनीतिलाई स्वीकार गर्छ कि चेतनाको राजनीतिलाई स्वीकार गर्छ भन्ने फैसला गर्ने बताए। 'यो उपनिर्वाचनले उचाल्ने राजनीतिलाई स्वीकार गर्छ कि मिलाउने राजनीतिलाई स्वीकार गर्छ भन्ने फैसला गर्छ। हामीले सबै कुरा गर्न सक्छौं भन्ने होइन। हामी मिलाउन सक्छौं। हामी सम्हाल्न सक्छौं। कांग्रेससँग सम्हाल्ने शक्ति छ। तपाईंले कस्तो शक्ति खोज्नुभएको हो ?,' उनले भने, 'पहिचानवादी साथीहरूलाई सोध्न चाहन्छु पहिचानको नाराको सम्बोधन होस् भन्ने चाहना हो कि नारा नारा मात्र रहोस् भन्ने चाहनुहुन्छ ? सबै जातजातिलाई कांग्रेसले समान अधिकारलाई स्थापित गर्छ।' थापाले एमाले उम्मेदवार सुहाङ नेम्वाङलाई लक्षित गर्दै कुल वा वंशमा जन्मिएको आधारमा विशेष अधिकार पाउनु गणतन्त्र नभएको बताए।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले इलाम २ को उपनिर्वाचनमा स्वस्थ प्रतिस्पर्धा गर्नुपर्ने बताए। उनले चुनावी आचारसंहिता पालना गर्दै प्रचार-प्रसार गर्नुपर्ने बताए। उनले प्रचार-प्रसारको क्रममा कसैलाई पनि गाली नगर्न आग्रह गरे। उनले सबै राजनीतिक दललाई निर्वाचनको परिणामपछि इलामको विकासका लागि एक हुने संकल्प गर्नुपर्ने उल्लेख गरे। 'इलामको मुहार फेर्ने मुद्दामा बहस गरौं। केही भएन भन्नुभन्दा विगतमा भएको काम किन ढिला भयो भन्ने प्रश्न गरौं। विगतमा इलामका लागि के गऱ्यौं। देशका लागि के गऱ्यौं भनेर कुरा राखौं। भएन/बिग्रियो/सकियो भनेर मात्र निराशाजनक कुरा नगरौं,' शर्माले भने, 'काम भइरहेको छ। तर, किन ढिला भइरहेको छ भन्नेमा प्रश्न गरौं। आफ्नो पार्टीलाई भोट माग्दा तथ्यमा टेकेर मत मागौं। केही भएको छैन भन्ने कुरा तथ्यमा आधारित होइन।' महामन्त्री शर्माले इलामको निर्वाचनमा परिवर्तन, पहिचान र प्रगतिको मुद्दा लिएर अघि बढ्ने बताए। 'इलामले सधैं एउटै स्वाद लियो। अब इलाम परिवर्तन चाहन्छ। परिवर्तनको नेतृत्व कांग्रेसले नेतृत्व गर्छ। विगतमा २५ वर्ष एउटैले नेतृत्व गर्नुभयो। सुवासचन्द्र नेम्वाङ संविधानसभाको अध्यक्ष बनेर जानुभयो। संविधान दिएर जानुभयो,' उनले भने।

वर्तमान सत्ता समीकरण, सम्भावना र चुनौती

नेकपाकालीन पार्टी एकता र बहुमतको सरकार टिकाउन नसक्नुको परिणाम आज राष्ट्र र नेपाली जनताले भोग्नुपरिरहेको छ



● युवराज ज्ञवाली

अग्रलेख

राजनीतिक स्थिरता र शान्ति देश विकासको महत्त्वपूर्ण आधार हो । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाले यस मुलुकलाई शान्तिपूर्ण रूपान्तरणका लागि महत्त्वपूर्ण राजनीतिक आधार निर्माण गरेको छ । त्यसले सही अर्थमा लोकतान्त्रिक मूल्य, मान्यता लागू गर्न सकेन भने अशान्ति र हिंसाका तत्त्वहरू क्रियाशील हुन थाल्छन् । तैपनि, समाजलाई शान्तिपूर्ण परिवर्तनको दिशामा अघि बढाउनु लोकतन्त्रको महत्त्वपूर्ण पक्ष हो ।

नेपालमा सम्पन्न जनवादी क्रान्तिले एकैचोटी राजतन्त्र अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु, दशवर्षे सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण बाटोमा रूपान्तरण गर्नु, एकात्मक शासन प्रणालीलाई संघीयतामा पुऱ्याउनु, राज्यलाई सबै नेपालीको साझा संस्थाका रूपमा अघि बढाउन धर्मनिरपेक्षताको नीति अपनाउनु र सबै जाति, भाषा, क्षेत्र र समुदायका जनताको समान हक-अधिकार स्थापना, उनीहरूको पहुँच र सम्मानका लागि समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नु तथा उपर्युक्त सबै विषयलाई जनताद्वारा निर्मित संविधानमा समावेश गर्नु विश्वकै राजनीतिक इतिहासमा विशिष्ट परिघटना हो । हाम्रो संविधान नेपाली समाजको विविधतालाई सम्बोधन गर्ने महत्त्वपूर्ण दस्तावेज हो ।

विगतका जनआन्दोलन र सशस्त्र द्वन्द्वले कुनै न कुनै रूपमा भूमिका निर्वाह गरेको भए पनि अन्त्यमा शान्तिपूर्ण संयुक्त जनआन्दोलन र जनविद्रोहले निर्णायक भूमिका निर्वाह गरेको यथार्थ सबैसामु स्पष्ट छ । त्यो क्रान्ति र त्यसबाट प्राप्त उपलब्धिले नेपाली राजनीतिमा लोकतान्त्रिक प्रणाली र शान्तिपूर्ण संघर्षका माध्यमबाट समाजवादको आधार निर्माण गर्दै वर्तमान स्थितिलाई वैज्ञानिक समाजवादमा रूपान्तरण गर्न सकिने अत्यन्त राम्रो सम्भावना र अनुकूल स्थिति निर्माण भएको छ ।

क्रान्तिबाट राजनीतिक रूपमा यति धेरै उपलब्धि प्राप्त भए पनि आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा अर्को क्रान्ति गर्नुपर्ने महत्त्वपूर्ण कार्यभार बाँकी नै छ । एउटा चुचुरोमा चढ्ने सफलता प्राप्त भए पनि त्योभन्दा अग्लो चुचुरो चढ्न बाँकी नै छ । यतिबेला मुलुकको अर्थतन्त्र बाह्य रूपमा वैदेशिक एकाधिकार पुँजीवाद र आन्तरिक रूपमा दलाल तथा नोकरशाही पुँजीवादको नियन्त्रणमा छ । यसरी दलाल पुँजीवाद र आमजनताबीचको अन्तर्विरोध प्रमुख र ठोस अन्तर्विरोधका रूपमा देखापरेको छ । यो यतिबेलाको सबैभन्दा प्रमुख विषय हो । यो अन्तर्विरोधको समाधान गर्दै मुलुकलाई समाजवादतर्फ अघि बढाउन सहमत हुने सबै पार्टी, शक्ति र व्यक्तिसँग सहकार्य गरेर अघि बढ्नु अहिलेको प्रमुख आवश्यकता हो ।

अहिलेसम्म कुनै एउटा दलले निर्वाचनमा बहुमत ल्याउन नसक्नु र बहुमत ल्याएर पनि टिकाउन नसक्नु मुलुक पछाडि पर्नुको एउटा महत्त्वपूर्ण कारण हो । विगतमा यही संविधानअनुसार बहुदलीय प्रतिस्पर्धाका आधारमा नेपाल कम्युनिस्ट पार्टीले झन्डै दुईतिहाइ बहुमतको सरकार बनाउनु र तीन वर्ष त्यसले यो देशमा महत्त्वपूर्ण ऐतिहासिक काम गरेर देखाउनु राजनीतिक रूपमा विश्व कम्युनिस्ट आन्दोलनकै इतिहासमा सर्वथा नयाँ परिघटना थियो । विगतको विश्व राजनीतिक इतिहासमा, कम्युनिस्टले क्रान्ति सम्पन्न गरेर सरकार बनाउन भीषण युद्ध र लाखौंको बलिदानबाट मात्र सम्भव भएको थियो । युद्धद्वाराविरोधी पक्षलाई निषेध गरेर एकदलीय व्यवस्था स्थापना गरिएको थियो । तर, हाम्रो देशको स्थिति त्योभन्दा बिल्कुलै पृथक् रह्यो । नेपालको राजनीतिमा गम्भीर प्रतिकूल परिस्थितिमा विगतमा जतिसुकै आपसी कटुता भए पनि विभिन्न पार्टी र शक्ति सँगै अघि बढ्ने एउटा सकारात्मक प्रवृत्ति देखिन्छ भने सफलता प्राप्त गरेर अनुकूल परिस्थिति तयार भएपछि अत्यन्त स-साना स्वार्थलाई आधार बनाएर आफैंभित्रका सहयोद्धासँग समेत एकै ठाउँमा बस्न नसक्ने अवस्था उत्पन्न हुने गरेको छ । यसबाट समग्र मुलुकलाई नै क्षति पुगेको छ, कम्युनिस्ट आन्दोलनलाई मात्र नभई लोकतान्त्रिक आन्दोलनलाई नै नोक्सान भएको छ । अनेक घटनाक्रम र तथ्यबाट यसको पुष्टि हुन्छ ।

अहिलेको अवस्थामा एकातिर जनक्रान्तिका सम्पूर्ण उपलब्धिलाई समाप्त गर्ने र यो देशलाई एउटा पारिवारिक शासन पद्धतिमा पछाडि धकेल्नका लागि राजावादी पार्टी र व्यक्ति पहिलेभन्दा बढी सक्रिय र उत्साही भएर अघि बढेका छन् । अर्कातिर जनक्रान्तिको सक्रिय एउटा शक्ति नेपाली कांग्रेसभित्र तीन किसिमका विचार-प्रवृत्ति क्रियाशील भएका छन् । कांग्रेसभित्र मुलुकलाई ०४७ सालकै संविधानको अवस्थामा फर्काउनुपर्छ भन्ने एउटा पक्ष निरन्तर बलियो बन्दै छ भने दोस्रो पक्ष यथास्थितिबाटै आफ्नो दलीय स्वार्थ पूरा गर्न केन्द्रित छ । त्यस्तै तेस्रो पक्ष जनक्रान्तिका उपलब्धिलाई जोगाउँदै थप उपलब्धि प्राप्त गर्ने दिशामा लाग्नुपर्छ भन्ने निष्कर्षमा छ । तर, यो पक्ष कमजोर छ ।

कांग्रेसभित्रको पहिलो पश्चगामी प्रवृत्तिले अब कम्युनिस्टलाई निर्वाचनमा पराजित गर्न वैज्ञानिक र प्रगतिशील विचारधाराको आधारमा नभई जनतामा परम्परादेखि रहँदै आएको धार्मिक आस्थालाई उपयोग गर्दै सत्तामा पुग्ने दाउ खेलिरहेको छ । उपर्युक्त राजनीतिक परिस्थितिसँगै मुलुकको अर्थतन्त्र सारतः संकटकै अवस्थामा छ । लाखौं युवामा अब देशमा केही हुँदैन भन्दै प्रमुख राजनीतिक पार्टीप्रति चरम अविश्वास, निराशा, विरोध र आक्रोशको भाव पैदा भएको छ । यसको अभिव्यक्तिका रूपमा गत निर्वाचनमा केही स्वतन्त्र व्यक्ति र नयाँ दलको उदय भयो ।



नेकपाको सरकारको सकारात्मक सोच र आशावादिताको स्थितिले पल्टा खाएको छ । त्यसवेलाको पार्टी एकता र बहुमतको सरकार टिकाउन नसक्नुको परिणाम आज राष्ट्र र नेपाली जनताले भोग्नुपरिरहेको छ । त्यस्तै वामपन्थी पार्टीभित्रै पनि आत्मकेन्द्रित स्वार्थी प्रवृत्ति र व्यक्तिवाद बढ्दो अवस्थामा छ । 'मैले देशका लागि के योगदान गर्ने भन्दा पनि पार्टीबाट मैले के पाउँछु ?' भन्ने चिन्तन निरन्तर बढ्दै छ । समग्रतामा स्थिति बिग्रिँदै छ ।

> आपसमा जतिसुकै कटुता भए पनि विभिन्न पार्टी र शक्ति सँगै अघि बढ्ने सकारात्मक प्रवृत्तिसँगै सफलतापश्चात् ससाना स्वार्थलाई आधार बनाएर आफैंभित्रका सहयोद्धासँग एकै ठाउँमा बस्नसमेत नसक्ने अवस्था उत्पन्न हुनु नेपाली क्रान्तिका चुनौती हुन्

यसअघि कांग्रेस र माओवादीसहितको सरकारले राम्रो काम गरेर जनतामा आशा जगाउन नसकेको विश्लेषण गर्दै एमाले-माओवादीसहितका विभिन्न दलको समीकरणको सरकार बन्ने घटनाले जनतामा 'पर्ख र हेर'को स्थिति उत्पन्न भएको छ । ठोस परिणाम दिन नसकेसम्म कुराले मात्र जनतामा विश्वास जाग्ने अवस्था छैन । गरिबी, बेरोजगारी र पछौटेपनको अन्त्य नै ठोस रूपले यतिबेलाको आमजनताको माग हो । कांग्रेसले नव-उदारवादी पुँजीवादी वर्गीय राजनीतिभन्दा माथि उठेर परिणाम दिन सक्ने अवस्था छैन । कांग्रेसको विचारले आमजनताको माग सम्बोधन हुँदैन । कम्युनिस्टको नीति, सिद्धान्त र उद्देश्य देश र जनताको आवश्यकता पूरा गर्ने चरित्रको छ । तर, आपसी विभाजन, संकीर्ण सोच, आत्मकेन्द्रित व्यक्तिवादजस्ता प्रवृत्तिले दस्ताबेजको सिद्धान्त जनताको जीवनमा लागू हुन सकिरहेको छैन ।

विगतका कमी-कमजोरीबाट शिक्षा लिएर एमाले र माओवादीसहितको नेतृत्वले अत्यन्त लचकता र कुशलतासाथ नयाँ समीकरण बनाउनु निश्चय नै स्वागतयोग्य र प्रशंसनीय काम हो । तर, अहिलेको जटिल परिस्थितिमा यसलाई टिकाएर राम्रो परिणाम दिँदै ०८४ को चुनावसम्म पुऱ्याउने कसरी ?

समान रणनीतिक लक्ष्य र कार्यनीतिक कार्यदिशा अपनाएका वामपन्थी पार्टीहरू एउटै समीकरण बनाएर अघि बढ्नु प्राकृतिक र स्वाभाविक विषय हो । यसअघिको अप्राकृतिक गठबन्धन भत्काएर अहिलेको सत्ता समीकरण बन्ने विषयले भविष्यका लागि जनतामा आशाको संकेत गएको छ । सरकार निर्माण गर्दा जुन न्यूनतम साझा कार्यक्रममा सहमति भएको छ, त्यसैलाई आधार बनाएर इमानदारीसाथ अघि बढ्ने हो भने यो देशका लागि धेरै राम्रा काम गर्न सकिने पर्याप्त सम्भावना र आधार छन् ।

सरकार आफैंमा साध्य होइन, बरु यो एमालेले अघि सारेको 'सुखी नेपाली, समृद्ध नेपाल'को लक्ष्य हासिल गर्ने साधन मात्र हो । साझा कार्यक्रममा सहमति गरेपछि मिलेर अघि बढ्न समस्या छैन । तर, फेरि पनि पहिले-पहिले जस्तै स-साना दलगत, गुटगत र निजी स्वार्थका कारण उत्पन्न हुन सक्ने अन्तर्विरोध नै समस्याको मूल कारण बन्न सक्छ । त्यस्ता संकीर्ण स्वार्थबाट माथि उठेर काम गर्ने हो भने ०८४ को निर्वाचनसम्म पुग्न नसक्ने कारण छैन ।

सरकारले जनताका केही ठोस समस्यालाई हल गर्दै जाने हो भने जनतामा आशा र खुसी पलाउने र राजनीतिक रूपमा सबै दललाई फाइदा पुग्ने नै देखिन्छ । अहिलेसम्मको इतिहासमा यति ठूला उपलब्धि प्राप्त गर्न सफल भएका पार्टी र तिनको नेतृत्व स-साना कुरामा अल्झेर असफलताको ओरालोतिर लाग्नु कदापि बुद्धिमानी ठहर्दैन । यो समीकरणलाई तोडफोड गर्न आन्तरिक र बाह्य कतिपय शक्ति लागेकै छन् । त्यसलाई जोगाउन नेतृत्वको कौशल र चातुर्य जरुरी छ । अरुलाई दोष दिएर आफ्नो कमजोरी ढाकछोप हुन सक्दैन ।

आमरूपमा अहिलेका जनताको परम्परागत रूपमा जसलाई मान्दै आएको हो, त्यसैमा टाँसिरहने मनस्थिति छैन । लाखौंको संख्यामा नयाँ मतदाता थपिएका कारण पनि त्यो युवापिँढीले धेरैलाई प्रभावित पार्छ । जनतामा पुराना पार्टीप्रतिको आशंका बढ्दो छ । यस्तो संक्रमणकालीन मनोविज्ञानलाई सकारात्मक दिशामा अघि बढाउन ठोस र परिणाममुखी काममा सरकार सञ्चालनको जिम्मा लिएका सबै व्यक्ति पहिलेभन्दा गम्भीर बन्नु जरुरी छ । अहिले स्वयं आफ्नै पार्टीभित्रकै कार्यकर्तामा नै अन्योलपूर्ण मनस्थिति देखिन्छ ।

माथि संघमा भन्दा प्रदेशको अवस्था अत्यन्त गम्भीर छ । बारम्बारको सरकारको अस्थिरता र कामको अयोग्यताका कारण संघीयताकै विरोध गर्नेका लागि राम्रो मसला भएको छ । यस्तै तरिकाले चलाउने हो भने स्थिति विस्फोटक बन्न सक्छ । जनताले केन्द्रको नेतृत्वलाई मात्र होइन, त्योभन्दा नजिकबाट प्रदेशका जिम्मेवार पदाधिकारीका तमाम क्रियाकलापलाई मूल्यांकन गरिरहेका छन् । त्यसैले स्थानीय जनप्रतिनिधिदेखि प्रदेश सरकारमा रहनेहरूले केन्द्रमा दोष पन्छाएर चमडी जोगाउने अवस्था छैन । कामै गरेर देखाउनुपर्छ ।

यो समीकरण बनेलगत्तै सामाजिक सञ्जालमा यसलाई केही समयपछि भत्काएर कांग्रेस-एमालेसहितको गठबन्धन बनाइने हावादारी हल्ला फिँजाइएको छ । यो एमालेलाई मुलुकको अस्थिरताको कारक साबित गरेर जनतामा बदनाम गराउँदै आगामी निर्वाचनमा कमजोर बनाउने चालबाजीबाहेक केही होइन । विगतको कांग्रेस-माओवादीलगायतको गठबन्धन जति अप्राकृतिक थियो, यो हल्लाअनुसार प्रमुख प्रतिस्पर्धीबीचको गठबन्धन घनघोर अप्राकृतिक हुन्छ । राष्ट्रियता र लोकतन्त्र नै खतरामा पर्ने थालेमा या कुनै ठूलो संकट उत्पन्न भएमा विगतमा जस्तै कांग्रेससँग पनि सहकार्य हुँदैन भन्न सकिँदैन । यतिखेर यो समीकरण टुटाएर देशको संवैधानिक संकट खडा गर्ने र त्यसबाट आफ्नो कुण्ठा पूरा गर्न चाहने संकीर्ण सोच पनि देखा पर्न थालेको छ । यसबाट आफ्नो अन्त्यका लागि आफैं खाडल खन्नुबाहेक केही हात लाग्नेछैन ।

अहिले सरकारमा रहेका पार्टीको समीकरणले राम्रो परिणाम दिँदै गयो र आपसी विश्वास बढ्दै गयो भने कुनै बेला पार्टी एकताको तहमा पनि जान सक्ला । राम्रो काम हुँदै गए तलका कार्यकर्ता र जनताबाट समेत एकताको सुझाब आउन सक्ला । तर, हतारमा एकता गर्ने र फुर्सदमा पछुताउने काम गर्नु उपयुक्त हुँदैन ।

(ज्ञवाली एमाले उपाध्यक्ष हुन्)

---

३ प्रश्न

नेवानि संरचनागत सुधार अध्ययन समितिका संयोजक **डा. दीपेन्द्रबहादुर क्षेत्री**लाई



नेवानिका जहाज उड्नेभन्दा बढी ग्राउन्डेड भइरहन्छन् । यसले निगमको आम्दानी मात्र गुमेको छैन, साख पनि गुमिरहेको छ । यस्तो लापरबाही किन भइरहन्छ ?

जहाजमा टेक्निकल समस्या आउनु सामान्य हो । तर, समस्या आएपछि कहिलेसम्म समाधान गरिन्छ भन्ने मुख्य कुरा हो । यसैगरी, निगमसँग जहाज पनि पर्याप्त छैनन् । निगमसँग जहाज पर्याप्त हुन्थे भने एउटा जहाज ग्राउन्डेड भएको कसैले पत्तै पाउँदैनथे । नेपालमा जहाज मर्मत हुँदैन । समस्या आउनेबित्तिकै मर्मतका लागि विदेश पठाउनुपर्छ । विदेशी कम्पनीले विभिन्न बाहानाबाजी गरेर ६-सात महिनासम्म अल्झाइदिने रहेछन् । यो लापरबाही पनि हो । यदि निगमका कर्मचारीको मिलेमतोमा यस्तो भइरहेको हो भने कारबाही गर्ने निकाय पनि छन् । तर, निगमको जहाज बिग्रिएर उडान तालिका अस्तव्यस्त हुँदा निगमको व्यापार र साख खस्किँदै गइरहेको छ ।

पटक-पटक जहाज ग्राउन्डेड हुने अवस्था आउन नदिन के गर्नुपर्छ ?

निजी क्षेत्र हुन्थ्यो भने तत्कालै कम्पनी छनोट गरेर मर्मतको जिम्मा लगाउन सक्थ्यो । नेवानि सरकारी स्वामित्वको भएकाले कुनै पनि काम गर्दा विधि, प्रक्रिया पूरा गर्नुपर्छ । टेन्डर आह्वान गरेर कम्पनी छान्न नै डेढ महिना लाग्छ । यति हुँदाहुँदै पनि जहाज मर्मतमा ढिलाइ हुनुमा पक्कै कमी-कमजोरी छन् । तिनलाई सुधार्नुपर्छ । मर्मत कम्पनीलाई ताकेता गरिरहनुपर्छ । अब निगमलाई चारवटा जहाजले पुग्दैन । जहाजको संख्या थप्नुपर्छ । एउटा जहाज बिग्रिँदा अर्को विकल्पमा जहाज हुनुपर्छ । जहाज नथपी अहिलेको समस्या समाधान हुने देखिन्न ।

नेवानि सुधारका प्रयासहरू के हुन सक्छन् ?

नेवानि व्यवस्थापन चुस्त बनाउनुपर्छ । कर्मचारीलाई पनि जिम्मेवार बनाउनुपर्छ । कर्मचारीसँग कार्यसम्पादन करार गर्नुपर्छ । काम गर्न नसके फायर गर्ने व्यवस्था हुनुपर्छ । यदि यसो गर्न सकिँदैन भने अनुभवी र सक्षम कम्पनीलाई निगमको व्यवस्थापन करारमा दिनुपर्छ ।

प्रेरक प्रसंग

भावना होइन विवेकको प्रयोग

एउटा ठूलो तलाउमा थुप्रै माछा बस्थे । तीमध्ये तीनवटा माछा एकदमै मिल्ने साथी थिए, जो सधैं सँगै हुन्थे । उनीहरू एक-अर्काबाट कहिल्यै छुट्टिँदैनथे ।

एक दिन त्यो तालमा एकजना मछुवार आयो । पोखरीमा थुप्रा माछा देखेर उसले अरू मछुवारलाई पनि जाल हान्न बोलायो । यसबाट ती तीनवटा माछा भयभीत भए । उनीहरूमध्येको बुद्धिमान माछाले भन्यो, 'हामीले सकेसम्म छिटो अर्को पोखरी खोज्नुपर्छ ।' एउटा माछा सहमत भए पनि अर्को भने यो पोखरी त हाम्रो घर हो नि भन्ने भावनाले अलि अनकनायो । उसले भन्यो, 'हामीले डराएर भाग्नु हुँदैन, यो पोखरी त हाम्रो घर पो हो त ।'



अरू दुई माछाले उसलाई सम्झाउन निकै कोसिस गरे । तर, उनीहरू सफल भएनन् । यसर्थ, उनीहरूले छुट्टिने निर्णय गरे र नयाँ पोखरीको खोजमा लागे । अर्को दिन जब मछुवारहरू आइपुगे, पोखरी छोड्न नमान्ने माछा समातियो र मारियो । सधैं फराकिलो दृष्टिकोण राख्नुपर्छ । संकटको घडीमा आसक्तिलाई पाल्न हुँदैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डिजिटल सुनचाँदीको अवैध धन्दा ?

हुन त नेपाल गैरकानुनी धन्दाहरूका लागि उर्वरै भूमि हो । नेपालमा कानुनको अपव्याख्या गरेर, कानुनलाई नटेरेर वा अनेक तरिकाले गैरकानुनी धन्दालाई पनि वैधानिकजसरी नै चलाउनु सामान्य भइसकेको छ । राष्ट्रबैंकबाट लाइसेन्स प्राप्त वालेट 'माइपे'ले डिजिटल सुनको अवैध कारोबार गरिरहेको समाचारले आश्चर्य भयो । अनलाइन प्लाटफर्ममा एपमार्फत् सुनचाँदीको अवैध कारोबारमा संलग्न उक्त कम्पनीमाथि सरकारका निकायले तत्कालै छापा मारेर कारबाही चलाउनुपर्छ । गैरकानुनी धन्दा चलाएर सर्वसाधारण नेपालीलाई ठग्ने कुनै पनि प्रयासलाई यथाशीघ्र निरुत्साहित गरी तदारुकताका साथ दोषीलाई दण्डित गरिनुपर्छ ।

● **सुवास खड्का**, बालकोट, भक्तपुर

'सहयोग कोष' बनाऊ

वेला-वेलामा अमुक लेखक, साहित्यकार, कवि, कलाकारलाई उपचार खर्चको अभाव भएको आर्थिक अवस्था कमजोर हुँदा न्यूनतम जीवनयापनमै समस्या भएको जस्ता समाचार आइरहन्छन् । समाज र राष्ट्रलाई गुन लगाउने साहित्यकार, कलाकार, खेलाडी आदिलाई आवश्यक परेको खण्डमा सहयोग गर्न एउटा कोष स्थापना गर्नेतर्फ सोच्न जरुरी छ ।

● **बलराम थापा**
कुश्लेचौर, क्षेत्रपाटी, काठमाडौं

श्रममन्त्रीको सराहनीय निर्णय

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई आर्थिक भार थोपर्ने पूर्वश्रममन्त्रीका निर्णय खारेज भएको समाचारले एकदमै खुसी लागेको छ । यहाँ काम नपाएर श्रम बेच्न बिदेसिन बाध्य युवाको आर्थिक दोहन गर्ने गरी शरदसिंह भण्डारीले गरेका निर्णय खारेज गरेर रास्वपाबाट गएका श्रममन्त्रीले सराहनीय काम गरेका छन् । वर्तमान सरकारबाट थुप्रै जनपक्षीय काम भइरहेका छन्, जुन स्वागतयोग्य छ ।

● **रामजी प्रसाई**
कपन, काठमाडौं

सुशासनमा बाधक हुने कि साधक ?

सरकारले मात्र देशमा सुशासन ल्याउन सक्दैन । नागरिक र राज्यका सबै अंगले यसमा उत्तिकै सहयोग गर्नुपर्छ । राज्यको एक अंगले मात्र पनि राम्रोसँग काम नगरे अरू बाँकी अंग पनि विफल हुन्छन् र देश नै असफल भएर जान्छ । यसर्थ कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका अर्थात् राज्यका तीनै अंगले सुशासनका लागि समन्वित रूपमा काम गर्न सक्नुपर्छ । राज्यको चौथो अंग मानिएको सञ्चार जगत्ले पनि सकारात्मक भूमिका खेल्नुपर्छ । तर, पछिल्ला केही महिनायताका केही आदेश र निर्णय सुशासनका लागि बाधक देखिएका छन् । एकाध न्यायाधीशले गरेको आदेश र देखाएका व्यवहारले न्यायलयप्रति नै शंकाको वातावरण सिर्जना हुन दिनुहुँदैन । यसतर्फ सर्वोच्च अदालतको फुलकोर्ट, न्यायपरिषद् र प्रधानन्यायाधीश स्वयंले ध्यान दिनु जरुरी छ ।

सुन काण्डमा गहिरो अध्ययन गरी सिआइबीले मुद्दा दायर गऱ्यो । प्रमुख अभियुक्तमाथि करिब डेढ अरबको बिगो मागदाबी थियो । तर, यति गम्भीर अपराधका अभियुक्तलाई १५ लाख धरौटीमा छाड्ने आदेश भयो । यसैगरी बाँसबारी छालाजुत्ताको जग्गा हिनामिना प्रकरणमा अभियुक्तलाई केवल ६ दिनमै अनुसन्धान पूरा गरेर तारेखमा छोड्न आदेश गरियो । के गम्भीर मुद्दाको अनुसन्धान ६ दिनमै पूरा हुन सम्भव हुन्छ ? यस्ता आदेशले न्यायालयप्रति प्रश्न उठेको छ । भुटानी शरणार्थी काण्डमा सरकारले मुद्दा चलायो । धेरैले सरकारको तारिफ गरे । तर, अदालतको पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई तारेखमा छाड्ने फैसलालाई पनि धेरैले संदिग्ध मानेका छन् । सर्वसाधारणको मुद्दा पेसीमा चढ्न महिनौं लाग्छ । तर, कांग्रेस नेता एवं सांसद टेकबहादुर गुरुङको मुद्दा भने एक महिनामै पाँचचोटि पेसी चढाएर उनको संसद् पदको निलम्बन फुकुवा गर्ने आदेश पनि उत्तिकै संदिग्धपूर्ण छ । न्यायालयले सुशासनमा सहयोग गर्न सक्नुपर्छ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं

के भारतको आर्थिक वृद्धि अतिरञ्जना हो ?

अमेरिका र चीनबीचको बढ्दो टकरावबाट भारतले पक्कै पनि फाइदा उठाइरहेको छ, तर यो भूराजनीतिक लाभलाई भारतको संरक्षणवादी नीतिले निस्तेज बनाइरहेको छ



देश / विदेश

● साङ जिन वे

विश्वका दुई ठूला विकासशील अर्थतन्त्रबारे वित्तीय बजार र मिडियाको बदलिँदो दृष्टिकोणलाई एसएन्डपीको 'चीनको सुस्तता भारतको वृद्धि' शीर्षकको सन् २०२३ को प्रतिवेदनबाहेक अन्यले राम्ररी पक्रन सकेको देखिँदैन । चीन आर्थिक मन्दीबाट गुज्रिरहेका बेला भारत फस्टाइरहेको देखिन्छ । भारतीय सेयर बजार उकालो लागेको छ र त्यहाँको नेसनल स्टक एक्सचेन्जमा दर्ता भएका ट्रेडिङ खाताको संख्या सन् २०१९ को चार करोड १० लाखबाट सन् २०२३ मा १४ करोडमा उक्लेको छ । यसबाहेक पश्चिमा कम्पनी चीनबाट बाहिरिएपछि भारत प्रमुख विकल्प भएको छ । सात-आठ प्रतिशतको वार्षिक वृद्धिलाई हेर्दा भारत यो दशकको अन्त्यसम्ममा विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने व्यापक अपेक्षा गरिएको छ । तर, भविष्यवाणी गरिएझैं के भारत साँच्चै चीन र अमेरिकालाई उछिनेर शताब्दीको अन्त्यसम्ममा विश्वकै सबैभन्दा ठूलो अर्थतन्त्र बन्न सक्छ ? वा भारतको आर्थिक फड्को अतिरञ्जित हो ?

भारत अन्य अर्थतन्त्रभन्दा महत्त्वपूर्ण लाभ लिने अवस्थामा देखिन्छ । पहिलो लाभ भारतको अनुकूल जनसांख्यिकीय स्थिति हो । अप्रिल २०२३ मा भारतले आधिकारिक रूपमा चीनलाई जनसंख्यामा उछिन्यो र प्रथम भयो । भारतमा २५ वर्षमुनिका जनसंख्याले ४३.३ प्रतिशत हिस्सा ओगट्छन्, जबकि चीनमा यो दर २८.५ प्रतिशत मात्रै छ, अर्थात् भारतको जनशक्ति उल्लेखनीय रूपमा युवा छ ।

यसबाहेक चिनियाँ आयातमा अमेरिकी र युरोपियन युनियनको उच्च कर र चीनभित्र बढ्दो श्रम लागत एवं नियामकीय दबाबले बहुराष्ट्रिय कम्पनीलाई चिनियाँ बजारबाट टाढा धकेल्नेछ । विशाल जनसंख्या र बढ्दो अर्थव्यवस्थासहितको भारत त्यसको स्वाभाविक विकल्प हो । ठूला पश्चिमा फर्म तथा अन्तर्राष्ट्रिय संस्थाहरूको उच्च पदमा भारतीय प्रवासीको उल्लेखनीय उपस्थितिले पनि भारतीय अर्थतन्त्रलाई पर्याप्त लाभ पुऱ्याएको छ । सरकारको महत्त्वाकांक्षी आर्थिक सुधार एजेन्डाबाट पनि भारतीय अर्थतन्त्र लाभान्वित हुने देखिन्छ । विगत केही वर्षयता प्रधानमन्त्री नरेन्द्र मोदी प्रशासनले देशको लगानीको वातावरण सुधार्ने उद्देश्यले विभिन्न सुधार ल्याएको छ । व्यापार क्षेत्रले 'मेक इन इन्डिया', 'आत्मनिर्भर भारत' र 'डिजिटल इन्डिया'जस्ता पहलकदमीलाई उत्साहपूर्वक अँगालेको छ । र, भारतीय ज्याला चीनको प्रचलित ज्यालाको एकतिहाइ र अमेरिकी ज्यालाको सात प्रतिशतभन्दा पनि कम भएकाले भारतमा द्रुत गतिमा वृद्धिको सम्भावना छ ।

तैपनि भारतको आर्थिक क्षमतालाई अतिरञ्जित गरिएको छ भन्ने कुरामा विश्वास गर्ने कारण छन् । पहिलो, चीनमाथि भारतको जनसांख्यिकीय लाभ त्यति महत्त्वपूर्ण देखिँदैन । राष्ट्रसंघको तथ्यांकअनुसार भारतीय प्रजनन दर घटेको छ र प्रतिमहिला दुई सन्तानमा झरेको छ । भारतको महिला श्रमशक्ति सहभागिता दर सन् २०२३ मा ३२.७ प्रतिशत थियो, जुन चीनको ६०.५ प्रतिशतभन्दा निकै कम हो । फलस्वरूप, भारतको कुल श्रमशक्ति सहभागिता दर ५५.३ प्रतिशत मात्रै छ ।

त्यसैगरी, भारतको ज्याला चीनको तुलनामा निकै कम भए पनि भारतको जनशक्ति पनि कम शिक्षित र दक्ष छ । विश्व बैंकका अनुसार सन् २०२० मा १५ वर्ष र सोभन्दा माथिका चिनियाँ वयस्कमध्ये ९७ प्रतिशत साक्षर थिए, जबकि भारतको साक्षरता दर सन् २०२२ मा पनि ७६ प्रतिशत मात्र थियो । यसबाहेक चीनका सडक, बन्दरगाह र पूर्वाधारलाई हेर्दा भारतबाट हुने उत्पादन र निर्यात वस्तुको लागत चीनको तुलनामा कम



तस्बिरः मञ्जुनाथ किरण/एएफपी

प्रभावकारी देखिन्छ । अमेरिका र चीनबीचको बढ्दो टकरावबाट भारतले पक्कै पनि फाइदा उठाइरहेको छ । तर, यो भूराजनीतिक फाइदालाई भारतको संरक्षणवादी नीतिले निस्तेज गरिदिएको छ । विश्व व्यापार संगठनको वर्ल्ड ट्यारिफ प्रोफाइल २०२२ का अनुसार चीनको तुलनामा भारतमा व्यापारमा अवरोध उल्लेख्य रूपमा बढी छ । ओइसिडीद्वारा संकलित एफडिआई रेगुलेटरी रिस्ट्रिक्टिवनेस इन्डेक्सका अनुसार भारतमा प्रत्यक्ष वैदेशिक लगानीका अवरोध पनि जटिल छन । यी कारणले गर्दा चिनियाँ बजारबाट बाहिरिने धेरै पश्चिमा फर्मले भियतनाम र बंगलादेशजस्ता लगानीमैत्री देशलाई छनोट गर्न सक्छन् ।

महत्त्वपूर्ण के भने चीनको तुलनामा भारतमा भ्रष्टाचारको स्तर निकै बढी छ । सन् २०२३ मा ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचारसम्बन्धी सूचकांकमा भारत (एक सय ८० देशमध्ये) ९३औं स्थानमा थियो, जबकि चीन ७६औं स्थानमा थियो ।

भारतमा वैदेशिक व्यापार जोखिमका मामिलामा बेलायत सरकारको निर्देशनमा 'ट्रान्सपरेन्सी इन्टरनेसनलको ग्लोबल करप्सन ब्यारोमिटर एसियाले भारतमा एसियामा सबैभन्दा बढी भ्रष्टाचार दर रहेको पाएको छ । सार्वजनिक सेवामा पहुँच पाउन व्यक्तिगत पहुँचको प्रयोग गर्नुपर्ने मानिसको संख्या सबैभन्दा बढी (४६ प्रतिशत) छ । भ्रष्टाचारको प्रसारलाई रोक्न उजुरी दिनु आवश्यक भए पनि सर्वेक्षणमा सहभागी अधिकांश (६३ प्रतिशत) ले भ्रष्टाचारको उजुरी गरे प्रतिशोधको सिकार भइने भय व्यक्त गरेका थिए । भ्रष्टाचारले व्यापारको समग्र लागतमा ठूलो असर पार्ने तथ्यलाई ध्यानमा राख्दै मुलुकलाई आकर्षक लगानी गन्तव्य बनाउन भारत सरकारले थप निर्णायक कदम चाल्नुपर्छ ।

यी चुनौतीलाई सामना गर्न बहुआयामिक दृष्टिकोण आवश्यक पर्छ । भ्रष्टाचारविरोधी व्यापक सुधार कार्यान्वयन गर्नु पहिलो महत्त्वपूर्ण काम हो । मध्यम र दीर्घकालीन रूपमा भारतले राम्रा पूर्वाधारमा लगानी गर्नुपर्छ । शिक्षाको स्तर बढाउनुपर्छ र महिलालाई श्रमशक्तिमा सहभागी हुने गरी सशक्त बनाउनुपर्छ । यी क्षेत्रमा प्रगति भएन भने भारतको आर्थिक वृद्धि एक अतिरञ्जनामा सीमित हुनेछ र भारत विश्वको अर्को आर्थिक महाशक्ति बन्न सक्षम हुनेछैन ।

(साङ जिन एसियाली विकास बैंकका पूर्वप्रमुख तथा अर्थशास्त्री हुन्)
प्रोजेक्ट सिन्डिकेट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मोदीको नेतृत्वमा फस्टाइरहेको भारतीय अर्थतन्त्र



● एलेक्स ट्राभेली

दक्षिण एसिया व्यापार संवाददाता एलेक्स ट्राभेली सन् २०१३ देखि नयाँदिल्लीबाट न्युयोर्क टाइम्सका लागि रिपोर्ट गरिरहेका छन् ।



सन् २०१४ को आमनिर्वाचन जित्दै गर्दा नरेन्द्र मोदीले आम मतदातालाई 'अच्छे दिन आने वाले है (सुखद दिन आउँदै छ)' भन्ने वाचा गरेका थिए । गत अप्रिल १९ बाट सुरु भएको निर्वाचनमार्फत मोदी तेस्रोपटक प्रधानमन्त्रीका रूपमा फर्किने प्रक्षेपण भइरहँदा उनी प्रधानमन्त्री भएपछि अर्थतन्त्रमा आएका परिवर्तनबारे लेखाजोखा सुरु भएको छ । दश वर्षअघि मोदीले प्रधानमन्त्री पद सम्हालेयता भारतको सेयर बजार तीन गुणाले बढेको छ । भारतको अर्थतन्त्रसमेत झन्डै दोब्बरले बढ्यो । सेयर बजार वृद्धि पछाडि धनसम्पत्ति र लगानी जोखिम उठाउने जनसंख्या वृद्धिको योगदान छ, जुन यस अवधिमा जनसंख्याको लगभग दुई प्रतिशतबाट पाँच प्रतिशतमा पुगेको छ । तथापि आर्थिक वृद्धिको उपलब्धि जनसंख्याको सानो हिस्साले मात्र उपभोग गर्दा आर्थिक असमान पनि बढेको छ । अर्थात्, भारतको आर्थिक वृद्धि मुख्यतः ठूला र नियन्त्रित व्यवसायको एक समूहको क्रियाकलापमा निर्भर देखिन्छ ।

भारतको १.४ अर्ब जनसंख्यामध्ये नब्बे प्रतिशतले वार्षिक तीन हजार ५०० अमेरिकी डलरभन्दा कम आय गर्ने बताइन्छ । तथापि विपन्न ग्रामीण क्षेत्रमा मोदी सरकारले विस्तार गरेका कल्याणकारी कार्यक्रमले जीवनलाई सहज बनाउन सघाइरहेको छ । यी कार्यक्रमका फाइदा ठोस र स्पष्ट देखिने खालका छन्, जसमा निःशुल्क अन्न, शौचालय निर्माणमा अनुदान, ग्यास सिलिन्डर तथा आवास सेवाको वृद्धि आदि छन् । एलइडी बत्ती, सस्तो स्मार्टफोन तथा झन्डै निःशुल्कजस्तो सस्तो मोबाइल डेटाजस्ता विशुद्ध व्यावसायिक विकासले समेत सुस्त गाउँले जीवनलाई बदलिदिएको छ । सबैजसो अन्तर्राष्ट्रिय सर्वेक्षणले भारतका हरेकजसो क्षेत्रका उपभोक्ता उत्साहित देखाउँछन् । विदेशी लगानीकर्ता पनि मोदी नेतृत्वको अर्थव्यवस्थाप्रति सकारात्मक देखिन्छन् । मोर्गन स्टेनली र जेपी मोर्गन चेजजस्ता अन्तर्राष्ट्रिय बैंकहरू वैश्विक सेयर तथा बन्ड सूचकांकमा भारतको स्थिति सुधारिएको देखाउन आतुरिन्छन् ।

एसियाका सबैभन्दा सम्मानितमध्ये एक बजार रणनीतिकार क्रिस वुडले त मोदी पुनः प्रधानमन्त्री चुनिन सकेनन् भने भारतीय बजार २५ प्रतिशत वा थप घट्ने प्रक्षेपण गरेका छन् । मोदीको शासनमा अर्थतन्त्रप्रति कायम उच्च आशावादको एउटा अनौठो पक्ष के भने उनको कार्यकालको १० वर्षमा भारतको कुल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धिदर अघिल्लो दशकभन्दा खासै उच्च छैन । तर पनि आमआशा अघिल्लो दशकको भन्दा निकै उच्च छ । मोदीको शासनमा भारतीय आर्थिक सफलताको कथ्य पनि उनको शासनको प्रमुख विशेषताकै हिस्सा हुन सक्छ, शक्तिका सबै पक्षमाथिको नियन्त्रण र प्रदर्शनलाई पहिलो प्राथमिकता ।

अहिले भारतमा प्रधानमन्त्री मोदीको अनुहार जताततै देखिन्छ । राजधानी नयाँदिल्लीमा मोदीको तस्बिर जति देखिन्छ, त्यति त संसारका कुनै प्रजातान्त्रिक रूपमा निर्वाचित नेताको तस्बिर तिनका राजधानी सहरमा देखिँदैनन् । गत सेप्टेम्बरमा सम्पन्न जी-२० को शिखर सम्मेलनका क्रममा मोदीले उदीयमान भारतमा फेला पार्न सकिने लगभग हरेक सकारात्मक विकासको श्रेय आफूले लिएको देखियो । भारतीय अर्थतन्त्रको अहिलेको आत्मविश्वास वातावरणमा निराशावादीहरूसमेत आशावादी छन् । सरकारी तथ्यांकले भारतीय अर्थतन्त्र चालू आर्थिक वर्षमा ७.३ प्रतिशतको वृद्धि हुने प्रक्षेपण गरेको छ । मुम्बईका अधिकांश वित्त व्यवसायी यो अंक ६ देखि ६.५ प्रतिशत हुने अनुमान गर्छन् । सबैभन्दा न्यून प्रक्षेपणसमेत ४.५ प्रतिशतको छ, जुन आफैंमा अमेरिका र सम्भवतः चीनको भन्दा उच्च हुने सम्भावना रहन्छ ।

भारतमा अहिले उच्च आर्थिक वृद्धिप्रति सामान्य आशंका गर्नसमेत वर्जितजस्तो वातावरण छ । सरकारी काममा आश्रित अर्थशास्त्री खुलेर बोल्दैनन् । सरकारसँग काम नगर्ने अर्थशास्त्रीको पाउन मुस्किल हुँदै गएको छ । स्वतन्त्र थिंक ट्यांकहरू विभिन्न आरोपमा छापा मारेर बन्द गरिएकाले पनि अर्थशास्त्री सरकारविरुद्ध बोल्न त्रसित छन् । नियन्त्रणको सन्देश मोदीका पूर्ववर्ती प्रधानमन्त्री मनमोहन सिंहको समयमा भन्दा निकै स्पष्ट छ । सिंहको कार्यकालमा भारतको आर्थिक वृद्धि कहिलेकाहीं १० प्रतिशतसम्म पुग्ने गर्थ्यो, तर पनि विश्वमा भारत 'संघर्षरत राज्य' मानिन्थ्यो ।

मोदी सरकारमा आएपछि भारतीय शासन संस्थानको हरेक पक्ष पुनर्निर्माण गर्नमा व्यस्त देखिन्छन् । मोदीले राज्य शक्तिलाई आर्थिक पूर्वाधार निर्माणमा कठिनाइका साथ प्रयोग गरिरहेका छन्, जसको असर देखिइरहेको छ । पूर्वाधारमा अभूतपूर्व प्रगति भइरहेको छ । पछिल्लो दश वर्षमा भारतले डिजिटल कारोबारमा (विशेष बैंकिङ तथा व्यापारिक लेनदेनहरूमा) व्यापक छलाङ हानेको छ । यसको सुरुवात सिंहको सरकारले गरेको भए पनि मोदीले त्यसलाई रफ्तार दिए । त्यस्तै करमा परिमार्जन भएको छ । भारतले 'गुड्स एन्ड सर्विस ट्याक्स (जिएसटी)' लागू गरेर अर्थतन्त्रको औपचारिक क्षेत्रलाई थप बढावा दियो । यसमार्फत थप मानिसहरू तथा व्यवसायबाट राजस्व संकलन सहज बनेको छ । यसले एकतर्फ सार्वजनिक खर्चका लागि आवश्यक रकमको जोहो गराएको छ भने कर्पोरेट करदर घटाएर निजी वित्त पोषणमा योगदान गरेको छ ।

> विश्व अर्थतन्त्रमा भारतको आरोहण सुनिश्चित देखिन्छ । केही महिनाअघि बेलायतलाई उछिनेर भारत विश्वको पाँचौं ठूलो अर्थतन्त्र बन्यो । आगामी केही वर्षमा भारतीय अर्थतन्त्रले जापान र जर्मनीको अर्थतन्त्रलाई समेत पछि पारेर विश्वको तेस्रो ठूलो बन्ने प्रक्षेपण गरिएको छ । धेरै बहुराष्ट्रिय कम्पनी भारतमा आउने तयारी गरिरहेका छन् ।

अर्थतन्त्रको 'डिजिटाइजेसन'मा भारतीयहरूले केही कटु अनुभव पनि भोगे । सन् २०१६ नोभेम्बर ६ साँझ आठ बजे प्रधानमन्त्री मोदीले अकस्मात् देशका ठूला नोटलाई प्रतिबन्ध लगाए । यसले 'कालो धन' जम्मा गरेर राख्नेहरूलाई नकारात्मक असर गर्ने भनिए पनि आमभारतीय नागरिकको जीवन र आर्थिक गतिविधिमै असर गऱ्यो । मोदी सरकारको चाहेको काम गर्न सक्ने यस असीमित शक्तिले कहिलेकाहीं यस्तै विकृति र असमानता सिर्जना गरेका छन् । मोदीको शासनमा ठूला कम्पनीले सबैभन्दा बढी नाफा कमाएका छन् । सन् २०१२ देखि २०२२ बीचमा सबैभन्दा प्रतिष्ठित स्टक इन्डेक्सले कमाएको १४ खर्ब अमेरिकी डलरको सम्पत्तिमध्ये ८० प्रतिशत २० कम्पनीको पोल्टामा गएको मुम्बईस्थित 'मार्सेलस इन्भेस्टमेन्ट म्यानेजर्स'को प्रक्षेपण छ । यसमा ती कम्पनी छन्, जसको सरकारसँग सीधा सम्पर्क छ ।

यस कर्पोरेट केन्द्रीकरण र योसँग सम्बन्धित जोखिमलाई गौतम अडानीले सबैभन्दा राम्ररी चित्रण गर्छन् । सन् २०२२ मा उनी अचानक एलोन मस्कपछि विश्वको दोस्रो सबैभन्दा धनी बन्नुअघि भारतबाहिरका थोरैले मात्र उनको नाम सुनेका थिए । मोदी निर्वाचित भएको वर्ष सन् २०१४ मा अडानी समूहको सेयर झन्डै दोब्बर भएको थियो भने सन् २०१९ मा मोदी पुनः निर्वाचित हुँदा त्यो बढेर आठ गुना ठूलो भइसकेको थियो । मोदी सरकारको लजिस्टक शाखाजस्तो देखिने अडानी समूहले सरकारका लागि बन्दरगाह, राजमार्ग, पुल र सौर्य फार्महरू पहिले कहिल्यै नदेखिएको गतिमा निर्माण गरिरहेको छ ।

तर, गत वर्ष अडानीको व्यापारिक साम्राज्यलाई न्युयोर्कको एक सर्ट-सेलर कम्पनीले ठगी गरेको आरोप लगायो, जुन आरोप लगाएपछि अडानीले सेयरमा झन्डै एक खर्ब ५० अर्ब डलर गुमाउनुपऱ्यो । सर्ट-सेलरको दाबीको एक वर्षमा अडानीले गुमाएको मूल्य पहिलेकै स्थानमा फर्किसकेको छ । यस प्रकरणले सीमित व्यक्तिको हातमा अथाह शक्ति दिने मोदीको रणनीतिमा रहेको जोखिमलाई उजागर गरिदियो । मोदीको उदयसँगै केही सीमित व्यापारीको उदयबाहेक पनि भारतको पछिल्लो आर्थिक वृद्धि असहज रूपमा असमान छ । संसारको सबैभन्दा ठूलो जनसंख्या भएकाले स्वाभाविक रूपमा यहाँको ठूलो बजार देखेर धेरै विदेशी लगानीकर्ता यस मुलुकतर्फ आकर्षित हुन्छन् । तर, अधिकांश भारतीय ग्रामीण क्षेत्रमा बसोवास गर्छन् । झन्डै ७५ प्रतिशत कुनै न कुनै मापदण्डका आधारमा गरिब मानिन्छन्, जो कुपोषण रोक्नका लागि सरकारले बाँड्ने निःशुल्क खाद्य राशनका लागि योग्य हुन्छन् ।

एकातर्फका देशको ठूलो गरिबी यथावत् छ, अर्कोतर्फ देशमा विलासी सामानको बिक्री बढ्दै गएको छ । विशेषगरी महामारीपछि मर्सिडिज जी-६३ जस्ता गाडीको माग ह्वात्तै बढेकाले ग्राहकहरू लामो प्रतीक्षामा बस्नुपर्ने अवस्था आएको छ । चारपांग्रे गाडीभन्दा बढी लोकप्रिय मोटरसाइकल र स्कुटरको बिक्री स्थिर छन् । अर्थतन्त्रको सबैभन्दा पीडादायी पक्ष भनेको रोजगारीको अवस्था हो । सरकारी तथ्यांकले करिब सात प्रतिशत भारतीय बेरोजगार देखाएको छ । थप धेरै अर्धबेरोजगार छन् । रोगजारीका लागि व्यग्र भारतीयहरू विदेशमा राम्रो आम्दानीको आशामा जोखिमपूर्ण मार्गबाट अमेरिकाको सिमाना पार गरिरहेका छन्, युक्रेनमा रुसी पक्षबाट लड्न भर्ती भइरहेका छन् । यहाँसम्म कि इजरायल-हमास युद्धपछि इजरायलबाट बाहिरिएका प्यालेस्टिनीले खाली स्थान भर्नसमेत प्रयासरत देखिन्छन् ।

तैपनि, विश्व अर्थतन्त्रमा भारतको आरोहण सुनिश्चित देखिन्छ । यो मुलुक केहीअघि बेलायतलाई उछिनेर विश्वको पाँचौं ठूलो अर्थतन्त्र बन्यो । आगामी केही वर्षमा भारतीय अर्थतन्त्रले जापान र जर्मनीको अर्थतन्त्रलाई समेत पछि पारेर विश्वको तेस्रो ठूलो बन्ने प्रक्षेपण गरिएको छ । धेरै बहुराष्ट्रिय कम्पनी भारतमा आउने तयारी गरिरहेका छन्, जसले भारतीयलाई थप अवसर सिर्जना गर्नेछ । भारतभित्र उपभोक्ताहरूको एक सानै हिस्साले भए पनि अमेरिकी उपभोक्ताले जस्तो जीवनस्तरको आनन्द उठाउने आशा गर्न सक्ने स्थिति बनेको छ । तथापि तिनको संख्या बर्सेनि बढ्दै गएको छ र ती अब साना सहरमा पनि देखिन थालेका छन् । शीर्ष सरकारी अधिकारीसँग चिनजान नभएका व्यवसायीले अझै पनि लामो सरकारी झमेला व्यहोर्नुपर्ने स्थिति बाँकी नै छ । तर, सरकारले लिएको गति आशाप्रद छ, पहिले सरकारी स्वीकृतिको लागि दुई वर्ष लाग्ने आयोजनाको काम अब १५ दिनमा पूरा हुन सक्छ । सन् २०१४ मा मोदी 'अच्छे दिन'सँगै 'न्यूनतम सरकार, अधिकतम शासन' वाचा गरेका थिए । सन् १९८० को दशकमा पश्चिमी खुला बजारका हिमायतीहरूले प्रयोग गर्ने यो पदावली भारतमा त्यही विचारधाराले परिभाषित गरेको छैन । जे भए पनि अहिले अर्थशास्त्रीले भारतबारे चर्चा गर्दा यसलाई 'संघर्षरत राज्य' भन्न छोडेका छन् ।

- द न्युयोर्क टाइम्सबाट

इतिहासमा आज



ई.पू. ७५६ : रोमन पौराणिक कथाअनुसार जुम्ल्याहा दाजुभाइ रोमुलुस र रेमुसले रोम सहरको स्थापना गरे ।

सन् १५२६ : पानीपतको पहिलो युद्ध । मध्यएसियाका विजेता बाबरले पानीपतको युद्धमा सुल्तान इब्राहिम लोधीलाई हराएर भारतमा मुगल साम्राज्य स्थापना गरेका थिए ।

सन् १९६१ : फ्रान्सेली सेनाले अल्जेरियामा विद्रोह गऱ्यो ।

सन् १९७७ : बंगलादेशको राष्ट्रपतिमा जिया उर-रहमान नियुक्त ।

सन् १९८९ : चीनको बेइजिङस्थित तियानमेन स्क्वायरमा दर्सौं, हजारौं विद्यार्थी जम्मा भएर व्यापक राजनीतिक स्वतन्त्रताको माग गर्दै नारा लगाए ।

सन् २०१९ : श्रीलंकाका सहरहरू कोलम्बो, नेगोम्बो र बाटिकालोआमा इस्टर सन्डेका दिन विभिन्न चर्च र होटेलमा आतंकवादी हमला हुँदा २५३ को मृत्यु, सयौं घाइते ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६६०५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।

२. यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।

३. यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगातमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।

४. यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लागतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।

५. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।

६. यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, विरगञ्जको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स.वडा नं.६ (हाल धोवीनी गा.पा.वडा नं.४) स्थित कित्ता नं.८४ को क्षेत्रफल ४३७.५० वर्ग मिटरको घर/जग्गा ।

७. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, जुडिबेला गा.वि.स वडा नं. ७ (हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ७० क्षेत्रफल ०-९-१० (विगाह) को जग्गा ।

८. यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-३-० (विगाह) को जग्गा ।

९. यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।

१०. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगातमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाह) को जग्गा ।

११. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, सख्खुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाह) को जग्गा ।

१२. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ६ (हाल भद्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५३५४, ५३९५, ५२५३ र ५२५५ को क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-०-३-०, ०-०-८-० र ०-०-१५-० (विगाह) को घरजग्गा ।


१३. यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।

१४. यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ९ क (हाल गढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८० र ८२६ को क्षेत्रफल ०-१-१०-० र ०-०-५-८ (विगाह) को जग्गा ।

१५. यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ०८ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (व.मि) को जग्गा ।

१६. यस बैंकको नाममा रहेको मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ७/क (हाल कठहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा ।

१७. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, सितापुर गा.वि.स. वडा नं. ३ (हाल खजुरा गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०९ को क्षेत्रफल ५,०७९.४५ ब.मी को जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति | तपसिल नं. २ मा उल्लेखित सम्पति | तपसिल नं. ३ मा उल्लेखित सम्पति | तपसिल नं. ४ मा उल्लेखित सम्पति

तपसिल नं. ५ मा उल्लेखित सम्पति | तपसिल नं. ६ मा उल्लेखित सम्पति | तपसिल नं. ७ मा उल्लेखित सम्पति | तपसिल नं. ८ मा उल्लेखित सम्पति

तपसिल नं. ९ मा उल्लेखित सम्पति | तपसिल नं. १० मा उल्लेखित सम्पति | तपसिल नं. ११ मा उल्लेखित सम्पति

तपसिल नं. १२ मा उल्लेखित सम्पति | तपसिल नं. १३ मा उल्लेखित सम्पति | तपसिल नं. १४ मा उल्लेखित सम्पति | तपसिल नं. १५ मा उल्लेखित सम्पति

तपसिल नं. १६ मा उल्लेखित सम्पति

तपसिल नं. १७ मा उल्लेखित सम्पति

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने घरजग्गाको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने घर जग्गाको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय महाराजगञ्ज
लाजिम्पाट, काठमाण्डौं

कागजात तथा विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

(सूचना प्रकाशन मिति २०८१/०१/०५ गते)

यस कार्यालय अन्तर्गतका करदाता श्री मोडर्नलिटी एक्टिभ सप्लायर्स प्रा.लि. (स्थायी लेखा नं.६०५९९५३२७) को आ.व.२०७४/०७५ को कारोबारको छानविन तथा परीक्षण गर्नुपर्ने भएकोले खरिद तथा बिक्री बीजक, खरिद तथा बिक्री खाता र बैङ्क स्टेटमेन्ट लगायतका कारोवारलाई प्रमाणित गर्ने कागजात यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स्वयं वा अख्तियार प्राप्त प्रतिनिधिमार्फत यस कार्यालयमा निवेदनसाथ उपस्थित भई पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३ को उपदफा (१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ को उपदफा (२) बमोजिम यो सूचना जारी गरिएको छ । अन्यथा कार्यालयमा प्राप्त सूचना तथा अभिलेखको आधारमा आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण भई जाने व्यहोरा जानकारी गराईन्छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ९ वैशाख ०८१

एनएसीको न्यारोबडी पाँच महिनापछि नियमित उडान गर्दै

इन्जिन बनाउन गत २६ पुसमा इजरायल पठाइएको जहाजको मर्मत-सम्भार सकिएसँगै सोमबार तेलबी-दुबई हुँदै काठमाडौं आउने

नयाँ पत्रिका

भन्डै पाँच महिनादेखि ग्राउन्डेड नेपाल एयरलाइन्सको न्यारोबडी (९एन एकेएक्स) जहाजले सोमबारदेखि व्यावसायिक उडान सुरु गर्ने भएको छ। दायाँ पखेटामा रहेको इन्जिनमा समस्या आएपछि १३ मंसिरदेखि ९एन-एकेएक्स विमान ग्राउन्डेड गरिएको थियो। जहाजको मर्मत-सम्भार सकिएसँगै निगमले सोमबारदेखि नियमित उडान गर्ने तालिका बनाएको छ।



मर्मत भएपछि जहाज लिन इजरायल पुगेका नेपाल एयरलाइन्सका पाइलट।

ग्राउन्डेड जहाजको इन्जिन फेर्न भन्दै २६ पुसमा इजरायल पठाइएको थियो। इन्जिन फेर्ने कार्य सकिएपछि निगमका दुई पाइलट जहाज लिन इजरायलको तेलबीमा पुगेका छन्। नेपाल एयरलाइन्सका दुई वरिष्ठ पाइलट नृपेन्द्र भट्टराई, अरविन्दराज पहारीलगायतको क्रु टोलीले जहाजलाई तेलबी-दुबई हुँदै सोमबार काठमाडौं ल्याउने निगमका प्रवक्ता (प्राविधिक) देवेन्द्र पुनले जानकारी दिए।

'जहाज लिन पाइलटहरू इजरायल पुगिसक्नुभएको छ, १० गते इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)ले जहाज हस्तान्तरण गर्ने कार्यक्रम छ,' उनले भने, 'जहाजको हस्तान्तरणपछि हाम्रा पाइलटले जहाजलाई दुबई हुँदै काठमाडौं ल्याउनुहुनेछ।' दुबईबाट यात्रु बोकेर व्यावसायिक उडान गरी जहाज काठमाडौं आउने उनले जानकारी दिए।

निगमसँग दुईवटा वाइडबडी एयरबस ३३० र दुईवटा न्यारोबडी एयरबस ३२० विमान छन्। अन्तर्राष्ट्रिय उडानमा सबैभन्दा व्यस्त रहने न्यारोबडी ९एन-एकेएक्स कलसाइनको जहाज एक सय ४५ दिनदेखि थन्किएको छ। सोही कारण भारतको दिल्ली, मुम्बई, बेंग्लोरलगायत विभिन्न गन्तव्यका निगमले बोक्ने यात्रुलाई विदेशी वायुसेवाले बोकिरहेका थिए। निगमको अन्य देशको उडान पनि अस्तव्यस्त रहँदै आएको छ। ग्राउन्डेड न्यारोबडीले अब पुनः उडान सुरु गर्ने भएपछि निगको व्यवसाय बढ्नुका साथै यात्रुले पनि सुविधा पाउने निगमले जनाएको छ।

इन्जिन लिजसहित मर्मतको जिम्मेवारी पाएको इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)को लापरबाहीकै कारण व्यस्त सिजनमा जहाज महिनौं ग्राउन्डेड गरेर राख्नुपरेको थियो। निगम नेतृत्वले कमिसन सेटिङमा मेन्टेनेन्स, रिपेयर, ओभरल (एमआरओ) कम्पनी छनोट गरेकै कारण इजरायली कम्पनीले ढिलाइ गर्दै आइरहेको निगमकै अधिकारीहरू बताउँछन्। सम्झौताबमोजिम आइएआईले जहाज ग्राउन्डेड भएको जानकारी पाएको सात दिनभित्र इन्जिन भाडामा उपलब्ध गराउने र ६५ दिनसम्म इन्जिन मर्मत गरेर हस्तान्तरण गर्नुपर्ने थियो। तर, जहाज ग्राउन्डेड भएको पाँच महिनापछि बल्ल मर्मत सकिएर हस्तान्तरण गर्ने तयारी गरिएको हो।

फुकोट कर्णाली आयोजनाको भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न सुरु

सुर्खेतमा **रमेश रावल**



● आयोजनाका प्रमुख इन्जिनियर डम्मर उप्रेती भन्छन्-

अहिले भौगर्भिक अध्ययनका लागि सुरुङ खनेर परीक्षण गर्ने तयारी थालिएको छ। माटो र चट्टानलगायत परीक्षणका लागि सुरुङ खन्ने काम यसअघि नै सकिएको छ। पहिलो चरणमा अध्ययन सकिएपछि भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न सुरु गरेका छौं।

प्रस्तावित चार सय ८० मेगावाटको फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न थालिएको छ। हाल परियोजनाको अध्ययन गर्ने काम भइरहेको छ। सोही क्रममा भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न लागिएको हो।

आयोजनाको माटोको अवस्था र चट्टानलगायत परीक्षणका लागि ६ सय मिटर सुरुङ गत वर्ष नै खनिएको छ। अहिले भौगर्भिक अध्ययनका लागि सुरुङ खनेर परीक्षण गर्ने तयारी थालिएको आयोजनाका प्रमुख इन्जिनियर डम्बर उप्रेतीले जानकारी दिए। 'माटो र चट्टानलगायत परीक्षणका लागि सुरुङ खन्ने काम यसअघि नै सकिएको छ,' उनले भने, 'पहिलो चरणमा अध्ययन सकिएपछि भौगर्भिक अध्ययनका लागि सुरुङ खन्न सुरु गरेका छौं।' जलविद्युत् उत्पादन कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बखतबहादुर शाहीले पनि परियोजना अध्ययनको काम भइरहेको बताए।

यो परियोजना सरकारी स्वामित्वको जलविद्युत् उत्पादन कम्पनीको ४९ प्रतिशत र भारतीय कम्पनी एनएचपिसीको ५१ प्रतिशत सेयर स्वामित्वमा बन्दै छ। यस सम्बन्धमा गत वर्ष जेठमा सम्पन्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा द्विपक्षीय सैद्धान्तिक सहमति भइसकेको छ। हाल यसका लागि अन्तिम सम्झौता गर्ने तयारी पनि अघि बढाइएको छ। गत चैतमा बसेको कम्पनीको सञ्चालक समितिले एनएचपिसीसँग साझेदारी गरेर परियोजना बनाउने सहमतिलाई सदर गरेको छ। अब संयुक्त कम्पनी स्थापना गरेर यो परियोजना अघि बढाइनेछ।

परियोजनाबाट नेपाललले २१.९ प्रतिशत विद्युत् निःशुल्क पाउनेछ। परियोजनामा चाहिने लगानी र विद्युत् बिक्रीको बजार भारतीय कम्पनीले नै खोज्नेछ। ९२ अर्ब ३० करोड लागत अनुमान गरिएको परियोजना कालिकोटमा बन्दै छ। यसमा कर्णाली नदीको पानीलाई सात सय ६४ मिटर लामो तथा आठ मिटर ब्यास भएको सुरुङमार्फत सान्नी त्रिवेणी सिस्नेगाडमा ड्याम बनाएर जम्मा गरिनेछ। मुख्य बाँधको उचाइ जगदेखि एक सय ६० मिटर तथा नदीको पिँधको स्तरबाट एक सय नौ मिटर रहने जनाइएको छ। बाँधको माथिल्लो भागको लम्बाइ तीन सय १३ मिटर र चौडाइ १० मिटर हुनेछ। उक्त ड्याम ११ किलोमिटरसम्म फैलिनेछ। आयोजनाको विद्युतगृह भने भौरेकुनामा बनाइनेछ । त्यसपछि ड्याममा जम्मा भएको पानी सोही विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ। लगानी अभाव नहुँदा यसको निर्माण अघि बढ्न सकेको थिएन। भारतीय कम्पनीले लगानी गर्ने भएसँगै अब छिट्टै यसको निर्माण सुरु हुने कम्पनीको विश्वास छ। यस आयोजनाबाट वार्षिक दुई हजार चार सय ४७ गिगावाट आवर विद्युत् उत्पादन हुने अध्ययनले देखाएको छ। विद्युत्को अधिकतम माग हुने समयमा सञ्चालन गर्ने उद्देश्यका साथ यो आयोजना निर्माण गर्न लागिएको छ। यो ६ वर्षमा सक्ने लक्ष्य लिइएको छ।

■ जग्गा अधिग्रहण गरियो

आयोजना निर्माणका क्रममा एक हजार एक सय ४९ परिवार प्रभावित भएका छन्। आयोजनास्थलमा पूरै जग्गा परेका जग्गाधनीले ७५ प्रतिशत र आंशिक जग्गा परेकाले ६६ प्रतिशत मुआब्जा पाएको प्रमुख उप्रेतीले बताए।

यस्तै, प्रस्तावित आयोजना निर्माणका लागि सरकारी स्वामित्वमा रहेको दुई सय ८८ दशमलव ९८ हेक्टर जमिन र ६४ दशमलव २६ हेक्टर निजीसहित कुल तीन सय ५३ दशमलव २५ हेक्टर जमिन अधिग्रहण गरिसकेको आयोजना प्रमुख उप्रेतीले बताए। प्रस्तावित आयोजनाको मुख्य बाँध रोलर कम्प्याक्टेड कंक्रिट ग्राभिटी प्रकारको, जगदेखि एक सय ६० मिटर तथा नदीको पिँधको स्तरबाट एक सय नौ मिटर अग्लो हुनेछ। प्रस्तावित आयोजनाको जलाशयको लम्बाइ करिब ११ किलोमिटर, कुल भण्डारण क्षमता सात सय ९७ दशमलव आठ लाख घनमिटर र लाइभ स्टोरेज क्षमता एक सय ४२ दशमलव नौ लाख घनमिटर हुनेछ।

त्यस्तै, सुक्खायाममा पूर्ण आपूर्तिस्तर समुद्री सतहबाट नौ सय १० मिटर र जलाशयको सतहको क्षेत्रफल दुई दशमलव ५१ वर्गकिलोमिटर हुनेछ। आठ दशमलव चार मिटर ब्यास र ६ हजार ३९ दशमलव आठ मिटर र पाँच हजार आठ सय ७३ दशमलव ७३ मिटर लम्बाइ भएका दुईवटा हेडरेस सुरुङमार्फत कर्णाली नदीको पानी विद्युत्गृहमा पथान्तरण गरी एक हजार पाँच सय नौ दशमलव ६ मिटरको कुल हेड उपयोग गरेर कुल चार सय ८० मेगावाट बिजुली उत्पादन गरिने उप्रेतीले बताए।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit

■ संरचनाको मुआब्जा वितरण

आयोजना सञ्चालनका लागि जग्गा अधिग्रहण गरेर मुआब्जा वितरणसमेत भइसकेको छ। आयोजनाका लागि नौ सय रोपनी जग्गा अधिग्रहण गरिएको छ। आयोजनाबाट निस्कने निर्माण सामग्री, निर्माण कम्पनीको क्याम्पलगायतका लागि थप दुई सय पाँच रोपनी जग्गा अधिग्रहण आवश्यक रहेको आयोजनाले जनाएको छ। आयोजनाबाट प्रभावित हुने कालीकोटका रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र पचालझरना गाउँपालिकाका स्थानीयलाई घरटहरा, गोठ तथा अन्य क्षतिपूर्तिबापत मुआब्जा दिइएको कालीकोटका प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बताए। 'अहिले प्रभावित क्षेत्रका चार सय ८० जनाको घरटहरा, गोठलगायत भौतिक संरचनाको मुआब्जा वितरण गरिएको छ।'

घरटहरा तथा गोठको क्षतिपूर्ति सान्नी त्रिवेणी गाउँपालिका वडा नं १, २, ३ र ४, रास्कोट नगरपालिका वडा नं ६, ७, ८ र ९ र पचालझरना गाउँपालिका वडा नं १, २, ८ र ९ मा रहेका संरचनाको मुआब्जा दिइएको प्रमुख जिल्ला अधिकारी नेपालीले बताए। '१३ करोड ६३ लाख रुपैयाँ मुआब्जामा गएको छ,' उनले भने, 'छुटपुट भएमा त्यसको लागत पनि बढ्न सक्छ।'

■ स्थानीय र कर्णालीलाई हुने फाइदा

आयोजना निर्माण हुँदा स्थानीयले रोजगारी पाउनुका साथै स्थानीय तह र कर्णाली प्रदेश सरकारले राजस्व पाउँछन्। आयोजना निर्माणका क्रममा दुई हजार एक सय ९० जनाले रोजगारी पाउनेछन्। आयोजना निर्माणका लागि आवश्यक जनशक्ति स्थानीयलाई प्राथमिकता दिइने आयोजना प्रमुख उप्रेतीले जानकारी दिए। आयोजना निर्माण भएपछि २५ प्रतिशत कर्णाली प्रदेशलाई र २५ प्रतिशत कालीकोटका तीन स्थानीय तहले राजस्व प्राप्त हुने अनुमान गरिएको छ।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८१/०१/०९, आइतबार

यस वित्तीय संस्थाको लालबन्दी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले निम्नानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, ब्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ। अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन (सो दिन बिदा परे सोको पछि कार्यालय खुलेका दिन) यस संस्थाको शाखा कार्यालय लालबन्दीमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधीकरणमा मुद्दा दायर गरिने तथा यस वित्तीय संस्थासँग भए गरेका लिखत अनुसार यस वित्तीय संस्थाको लेना रकम असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	ऋणीको नाम	धितोको विवरण
१.	**जय काली ट्रेडर्स** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं.: ५३५१/०७४/०७५ दर्ता मिति : २०७४/०७/२८ स्थायी लेखा नं ६०७१७६३५५ ठेगाना : हरिपुर न.पा. वडा नं. २, सलाँही **प्रोपाईटर सुवर्ण कुमार कोइराला** **संस्थागत धनजमानी दिने** **सुवर्ण कुमार कोइराला** ना.प्र.नं. : ३६३३२४४५, सलाँही जारी मिति : २०४८/११/०४ बाबुको नामः शम्भु प्रसाद कोइराला बाजेको नामः पुर्ण प्रसाद कोइराला ठेगाना : हरिपुर न.पा. वडा नं. २, सलाँही **व्यक्तिगत धनजमानी दिने** **१. श्रीमती मीना कोइराला** ना.प्र.नं. : ३६३३३०५७, सलाँही जारी मिति : २०५६/१०/१७ बाबुको नामः केदारहरि उपाध्याय पतिको नामः सुवर्ण कुमार कोइराला ससुराको नाम : शम्भु प्रसाद कोइराला ठेगाना : हरिपुर न.पा. वडा नं. २, सलाँही **२. हिमाल कोइराला** ना.प्र.नं. : १९-०१-७१-०८४२८, सलाँही जारी मिति : २०७१/९/३० बाबुको नामः सुवर्ण कुमार कोइराला बाजेको नामः शम्भु प्रसाद कोइराला ठेगाना : हरिपुर न.पा. वडा नं. २, सलाँही	सुवर्ण कुमार कोईरालाको नाममा मालपोत कार्यालय, सलाँहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सलाँही जिल्ला, साबिक नेत्रगंज गा.वि.स. वडा नं. २, हाल लालबन्दी न.पा. वडा नं २ स्थित कि.नं. ६२ जग्गा क्षेत्रफल ०-५-०-० (पांच कट्ठा) र साबिक हरीपुर गा.वि.स. वडा नं ८ हाल हरीपुर न.पा. वडा नं ८ स्थित कि.नं. ५८२ जग्गा क्षेत्रफल ०-१-०-० (एक कट्ठा) र सोले चर्चेको लिगलगापात समेत।

लिलामीका शर्तहरु

१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल ललितपुर, शाखा कार्यालय लालबन्दीबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समयभित्र संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल, ललितपुर तथा शाखा कार्यालय लालबन्दीमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्ने छ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंमले नै व्यहोर्नु पर्नेछ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
१२. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ साल वैशाख महिना २३ गते आइतबार कार्यालय समय भित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ साल वैशाख महिना २४ गते सोमबार दिनको ३ बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, शाखा कार्यालय लालबन्दी।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

सोध कार्यको प्रस्तावना आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०९

उपरोक्त सम्बन्धमा यस इकाईको स्वीकृत कार्यक्रम अनुसार स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुबाट यस परियोजनाको लक्ष्य अनुसार स्नातकोत्तर तहको सोध अनुसन्धान कार्यको लागि तपसिल अनुसारको विषयहरूमा तोकिएको ढाँचा र संख्यामा अनुसन्धान प्रस्ताव आह्वान गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ। प्रति सोधपत्र रु.६०,०००/- (अक्षेरुपी साठी हजार मात्र) (नियमानुसार लाग्ने सम्पूर्ण करहरु सहित हुनेछ।) सोधपत्र सूचना प्रकाशित मितिले २१ दिनभित्र दर्ता गरिसक्नु पर्नेछ र प्रस्तावना सम्बन्धि विस्तृत विवरण तल दिईएको ईमेलमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपसिलः

1) Management of biotic and abiotic stresses in vegetable crops. - 3
2) Identification, distribution, and incidence of viral diseases infecting cucurbits crops in Nepal.- 1
3) Identification, distribution, and incidence of viral diseases infecting solanaceous vegetable crops in Nepal.- 1

For Further Information and Application submission

USAiD- Feed the Future-Innovation Lab for Horticulture
"Mitigating soilborne diseases to improve smallholder farmer livelihoods and food security in Nepal."
Project Implementation Unit (PMU)
National Plan Pathology Research Center
Nepal Agricultural Research Council
Khumaltar, Lalitpur, Nepal
Email– horticultureinnovationlab@gmail.com
Phone Number: +977 1 5523143, 9851324166

Youth Foundation Nepal
Imadol -4, lalitpur

Solar power Installation System Tender Bid

S.N	Items	Quantity
1	Solar panel (330 Watt)	16
2	Jel Battery	24(excide or equivalent)
3	Hydride Inverter (5.5 KVA)	3 (smarten or equivalent)
4	Earthling & lighting arrestor Accessories	2 (chemical Bag)
5	Installation Accessories	2
6	Installation Cost	2
Working experience of company in relevant field		

Youth Foundation Nepal
Imadol -4, lalitpur
9761684730
Last date of Submission 2081/01/15
youthfoundationnepal2017@gmail.com

Youth Foundation Nepal
Imadol -4, lalitpur

Supply for computer Equipment Tender Bid

S.N	Items	Quantity
1	Computer Desktop	40 set (4 GB ram ,256ssd i5 processor, Monitor 19" inch)
2	Head phones	40
3	Projector(luminous 3000 & lamp hour 10000 to 12000)	2 pcs
4	2:1 Speaker	2 set
5	Jiga Switch or Ethernet switch	12 pcs
6	Cats 6 (outdoor cable)	1 box
7	Hdmi cable & celling mount	2 set
8	3:1 printer (laser)	2set
Working experience of company in relevant field		

Youth Foundation Nepal
Imadol -4, lalitpur
9761684730
Last date of Submission 2081/01/15
youthfoundationnepal2017@gmail.com

विदेशी लगानीकर्तालाई नेपाल ल्याउन एनआरएनलाई प्रधानमन्त्रीको आग्रह

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विदेशी लगानीकर्तालाई नेपाल ल्याउन गैरआवासीय नेपाली (एनआरएन)लाई आग्रह गरेका छन्। उनले गैरआवासीय लगानीका साथै विदेशी लगानी भित्र्याउनसमेत भूमिका खेल्न एनआरएनलाई आग्रह गरेका हुन्।



कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको आसन्न नेपाल भ्रमण र नजिकिँदै गरेको लगानी सम्मेलनका सन्दर्भमा प्रधानमन्त्री प्रचण्डले शनिबार एनआरएनका संस्थापक उपाध्यक्ष देवकाजी डंगोलसहित एनआरएन अभियन्ताहरू राजेन्द्रकुमार शर्मा (आरके) र खगेन्द्र न्यौपानेसँग भेट गरेका छन्।

प्रधानमन्त्रीनिवासमा भएको भेटमा प्रचण्डसँग एनआरएनएका संस्थापक उपाध्यक्ष डा. डंगोलले कतारी आमिरको आसन्न भ्रमणमा उठाउनुपर्ने विषयबारे छलफल गरेका थिए। डा. डंगोल कतारमा व्यवसाय गर्ने पहिलो नेपाली हुन्। यस्तै, कतारमा दुई दशकदेखि व्यवसायमा सक्रिय रहेका तथा गैरआवासीय नेपाली अभियन्ता आरके शर्माले अमिरसँग लगानीका विषयमा नेपालले उठाउनुपर्ने विषयमा छलफल गरेका थिए।

नेपाल र कतारबीच कूटनीतिक सम्बन्ध गाँसिएपछि पहिलोपटक कतारका अमिर शेख तमिम बिन हमाद अल थानी पहिलोपटक नेपाल भ्रमणमा आउन लागेका छन्। 'कतारका अमिरको भ्रमणमा नेपालले लगानीका क्षेत्रमा विशेष पहल गर्नुपर्ने विषयमा सम्माननीय प्रधानमन्त्रीसँग छलफल भयो,' प्रधानमन्त्रीसँगको भेटपछि शर्माले भने, 'प्रधानमन्त्रीज्यूले कतारले हासिल गरेको आर्थिक विकासको अनुभव नेपालका लागि सहयोगी हुने गरी अमिरको भ्रमणमा फलदायी हुने सम्झौताबारे जानकारी दिनुभयो।'

नबिलमै ३७ वर्ष बिताएका बैंकर रेग्मी



काठमाडौं/ एउटै बैंकमा निरन्तर ३७ वर्ष बिताएर नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत विनय रेग्मीले शुक्रबार अवकाश पाएका छन्। सहायक तहको कर्मचारीबाट बैंकिङ करिअरमा प्रवेश गरेका रेग्मीले यस अवधिमा जिसी श्रीवास्तवदेखि ज्ञानेन्द्र ढुंगानासम्म १३ जना प्रमुख कार्यकारी अधिकृत (सिइओ)सँग काम गर्ने मौका पाएको बताए। ४०औं वर्षमा प्रवेश गरेको नबिल बैंकमा आफ्नो जीवन बिताएका उनले बैंकिङ क्षेत्रका धेरै उत्तारचढावलाई नजिकबाट नियाल्ले मौका पाएका छन्। यसबीचमा उनलाई अन्य बैंकबाट धेरै आकर्षक प्रस्ताव नआएको पनि होइन, तर नबिल बैंकको आकर्षण छुट्टै रहेकाले छाड्न नसकेको उनको भनाइ छ। उनी भन्छन्, 'यसबीचमा धेरै राम्रा काम गर्ने अवसर नआएका होइनन्, तर खै किन-किन मलाई नबिल बैंक छाड्न मनै लागेन, एउटा प्यासनजस्तै भयो।'

नबिलका चारवटा कुरा ब्रान्ड भ्यालु, बैंकमा काम गर्दाको आत्मसन्तुष्टि, वृत्ति विकास र राम्रो आम्दानीले अन्य बैंकले तान्न नसकेको उनको भनाइ छ। नबिलमा प्रवेश गर्दा उनले प्राविधिक क्षेत्रमा काम गर्ने अवसर पाए। त्यतिबेला अन्य बैंकहरूले कागजी प्रक्रियाबाट काम गरिरहँदा नबिलले कम्प्युटर प्रणालीबाट कारोबार सुरु गरेको थियो। उनी भन्छन्, 'हामीले कम्प्युटर प्रणालीबाट सुरु मात्र गरेनौं, ग्राहकले बैंक खोज्ने होइन कि बैंकले ग्राहक खोज्नुपर्छ भन्ने अवधारणा विकास गर्‍यौं। सोही कारण बैंकलाई आजको यो ब्रान्ड भ्यालुसम्म ल्याउन सम्भव भयो।'

सरकारी बैंकको मात्र एकछत्र राज चलिरहेको समयमा नबिलले प्राविधिक क्षेत्रमा फड्को नै मारेको उनको दाबी छ। उनी भन्छन्, 'हामीले पहिलोपटक क्रेडिट कार्डको सुरुवात गर्‍यौं। त्यस्तै, हामीले नै मोबाइल बैंकिङको सुरुवात गरेर पहिलो नम्बरमा उभियौं।'

हिजो कम्प्युटर युगको सुरुवात गरेर अहिले हामी डिजिटलाइजेसनको अवस्थामा पुगेका छौं। जुन बैंकले प्रविधिमार्फत ग्राहकलाई सहजीकरण गर्न सक्छ, ग्राहक त्यतै आकर्षित हुन्छन्। त्यसैले पुरानो ढर्राबाट नभई केही नयाँ प्रडक्ट आवश्यक छ भन्ने बुझ्न जरुरी रहेको उनको भनाइ छ।

उनी भन्छन्, 'यसबीचमा बैंकिङ क्षेत्रमा कालो धनलाई आउन नदिने गरी काम गर्‍यौं, त्यसभन्दा अघि ग्राहकले गरेको कारोबारमा सुपरिवेक्षण गर्ने हुँदैनथ्यो, यसको सुरुवात पनि हामीले गर्‍यौं।'

सिटिजन्स बैंकको स्मार्ट बचत खातामा १७ सुविधा

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड १७ वर्ष पूरा गरी १८औँ वर्षमा प्रवेश गरेको छ।

बैंकले वार्षिकोत्सवको अवसरमा सातवटै प्रदेशमा प्रभातफेरी कार्यक्रम आयोजना गरेको जनाएको छ। यसबाट जनमानसमा वित्तीय ज्ञानको समेत अभिमुखीकरण हुने अपेक्षा बैंकले लिएको छ। साथै, संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा सातवटै प्रदेशका कुल २५ शाखाबाट रक्तदान कार्यक्रमसमेत गरेको बताइएको छ। त्यस्तै, वीरगन्ज शाखा र बुटवल शाखाले निःशुल्क स्वास्थ्य शिविरसमेत सञ्चालन गरेका छन्।

त्यसैगरी, बैंकले 'सिटिजन्स स्मार्ट बचत खाता'लाई १७ थरी आकर्षक सुविधा थप गरी ग्राहकमाझ ल्याएको जनाएको छ। योजनाअन्तर्गत खाता खोल्दा ग्राहकले १७ प्रकारका सुविधा निश्चित समयका लागि प्राप्त गर्ने बैंकले जनाएको छ।

सिटिजन्स बैंकले बचतसम्बन्धी विषयलाई ध्यानमा राख्दै वित्तीय साक्षरतासम्बन्धी एक भिडियो सामग्रीसमेत आफ्नो १७औँ वार्षिकोत्सवको दिन सार्वजनिक गरेको छ। ग्राहकको सुविधालाई मध्यनजर गर्दै यसै दिनदेखि बैंकले आफ्ना थप ६ वटा शाखाबाट 'प्रिभिलेज काउन्टर'को समेत सुरुवात गरको छ। काठमाडौं उपत्यकाभित्र कुमारीपाटी, बौद्ध, कोटेश्वर र न्युरोड शाखामा र उपत्यकाबाहिर बुटवल र हस्पिटललाइन शाखामा वैशाख ७ गतेबाट प्रिभिलेज काउन्टर सुचारु गरेको बैंकले जनाएको छ।

वार्षिकोत्सवकै अवसरमा ९ देखि १५ वैशाखसम्म बैंकको मुख्य प्रायोजनमा १०औँ 'सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिता'समेत हुँदै छ।

सातवटै प्रदेशका शाखामार्फत चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा बैंकको कुल निक्षेप करिब एक खर्ब ८४ अर्ब, कर्जा एक खर्ब ५६ अर्ब रुपैयाँ रहेको र करिब एक अर्ब २१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको बैंकले जनाएको छ।

ड्रिम होटेलको आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल



काठमाडौं/ ड्रिम इन्टरनेसनल होटेलले साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ। पब्लिक कम्पनीमा रूपान्तरण गरी आइपिओ निष्कासनको प्रक्रिया अघि बढाउनका लागि बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरिएको छ। होटेलका तर्फबाट अध्यक्ष गोपाल राना र मुक्तिनाथ क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

पर्यटन उद्योगमा फरक पहिचान बनाएको ड्रिम ग्रुपअन्तर्गतको ड्रिम इन्टरनेसनलले सर्वसाधारणलाई समेत पर्यटन उद्योगमा जोड्ने लक्ष्यसहित सार्वजनिक सेयर निष्कासन प्रक्रिया अगाडि बढाइएको होटेलका अध्यक्ष गोपाल रानाले जानकारी दिए। पश्चिम नेपालकै व्यापारिक तथा पर्यटकीय सहर बुटवलमा रहेको ड्रिम इन्टरनेसनलले सहलगानी गर्दै देशका सातवटै प्रदेश तथा पर्यटकीय गन्तव्यमा होटेल स्थापना गर्ने योजना बनाएको छ। छिट्टै नै आइपिओ जारी गरी उक्त योजनानुसार काम सम्पन्न गर्ने अध्यक्ष रानाले जानकारी दिए।

तुल्सीपुर मालपोत कार्यालयमा ग्लोबल आइएमईको काउन्टर



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले तुल्सीपुर उपमहानगरपालिका वडा नं ६, मदन-आश्रित चोक, तुल्सीपुरस्थित मालपोत कार्यालयमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ।

तुल्सीपुर उपमहानगरपालिका प्रमुख टीकाराम खड्काले एक समारोहबीच उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन गरे। सेवाग्राहीको बढ्दो चाप र आवश्यकतालाई मध्यनजर गर्दै बैंकले नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ।

योसँगै बैंकका एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरको संख्या ६८ पुगेको छ। नयाँ एक्सटेन्सन काउन्टरबाट निक्षेप संकलन, नगद भुक्तानी, मोबाइल तथा अनलाइन बैंकिङ सेवा, रेमिट्यान्सको सुविधालगायत सबै बैंकिङ सेवा उपलब्ध हुनेछन्।

महालक्ष्मी विकास बैंकको महिला सशक्तीकरण अभियान सुरु

काठमाडौं/ महालक्ष्मी विकास बैंकले महिला उद्यमीलक्षित सशक्तीकरण अभियान सुरुवात गरेको छ। बैंकले सार्वजानिक यातायातको क्षेत्रमा विद्युतीय सवारीका माध्यमबाट महिला सशक्तीकरण गर्ने अभियानको सुरुवात गरेको हो।

'हरित परिवहनका माध्यमबाट महिला सशक्तीकरण'को नारासहित धुलिखेलमा विभिन्न महिला उद्यमीलाई विद्युतीय सवारीको साँचो हस्तान्तरण गरिएको बैंकले जनाएको छ। पर्यावरणमैत्री यातायातको बढ्दो माग र आवश्यकतालाई सम्बोधन गर्न अन्य स्थानीय तहमा समेत बैंकले हरित कर्जाअन्तर्गत यस्तो अभियान विस्तार गर्ने जनाएको छ।

एसले फर्निचर सोरुम अब नेपालमा



काठमाडौं/ अमेरिकी फर्निचर ब्रान्ड एसले फर्निचरले काठमाडौंको टेकुबाट औपचारिक सेवा सुरु गरेको छ। विश्वका ६६ राष्ट्रमा फैलिएको यो ब्रान्डलाई नेपालमा आधिकारिक विक्रेताका रूपमा एनएन जोशी एन्ड सन्ड कम्पनी प्रालिले भित्र्याएको हो। कम्पनीले दुई दशकदेखि विश्वप्रसिद्ध फर्निचर ब्रान्डलाई नेपाली ग्राहकमाझ बिक्री-वितरण गर्दै आएको जनाएको छ।

एसले ब्रान्डले नवीनता, गुणस्तरीयता र ग्राहक सन्तुष्टिमा अगाडि रहेको कम्पनीको दाबी छ। एसले फर्निचरले डिजाइनमा विविधता र अकल्पनीय उत्पादनसहित नेपालमा नयाँ युगको सुरुवात गर्ने कम्पनीले जनाएको छ।

कामना विकास बैंकले गऱ्यो स्वास्थ्य प्रयोगशाला हस्तान्तरण

काठमाडौं/ कामना सेवा विकास बैंकले पोखरा विश्वविद्यालय, शिक्षण अस्पताल, पोखरामा स्वास्थ्य प्रयोगशाला निर्माण गरी हस्तान्तरण गरेको छ। बैंकले एक कार्यक्रमबीच विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्याल तथा रजिस्ट्रार प्रा.डा. दीपकबहादुर भण्डारीलाई बैंकका सञ्चालक बलराम बरालले हस्तान्तरण गरे।

कार्यक्रममा बोल्दै उपकुलपति अर्यालले विश्वविद्यालयको सर्वांगीण विकास, कर्मचारीले प्राप्त गर्ने बैंकिङ सेवामा कामना सेवा विकास बैंकको उत्कृष्ट योगदान भएको बताए। त्यस्तै, रजिस्ट्रार भण्डारीले बैंकले आफ्ना विभिन्न कार्यक्रममा विश्वविद्यालयलाई पुऱ्याएको योगदानको कदर गरे।

उक्त हस्तान्तरण कार्यक्रममा बोल्दै कामना सेवा विकास बैंकका सञ्चालक बलराम बरालले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विश्वविद्यालयसँग जोडिन पाएकोमा खुसी व्यक्त गरे। विश्वविद्यालयको शैक्षिक विकास, कर्मचारीको वित्तीय पहुँच तथा वित्तीय सेवा, सामाजिक सेवा तथा विद्यार्थीको शैक्षिक भविष्यको साझेदार बन्न पाएकोमा सिइओ दिनेश थकालीले खुसी व्यक्त गरे।

Haripurwa Municipality
Office of The Municipality Executive
Madesh Province
Haripurwa, Sarlahi

Invitation for Bids

Date of First publication : 2081/01/09

Haripurwa Municipality Office, Haripurwa invites electronic bids From duly registered eligible national bidders for the construction of Haripurwa Wada no. 06 Ko Pashu sewa Kendra dekhi Paschim Dhankaul Hudai Shyambabu Rijal Ko khet samm Kalopatre. For More information Please visit PPMO's e-GP system website http://www.bolpatra.gov.np/egp. Details are specified in the bid document.

Office Chief

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१/०१/०९

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय नवलपुरबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

क्र.सं	ऋणीको विवरण	सुरक्षण बापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	नामः गिता देवी चौधरी स्थायी ठेगानाः सर्लाही जिल्ला लक्ष्मीपुर कोद्राहा गा.वि.स. वडा नं. २ हालको ठेगानाः सर्लाही जिल्ला हरिपुर न.पा. वडा नं. ५ ससुराः नेवत चौधरी बुवाः नेवल चौधरी पतिः आस नारायण चौधरी ना.प्र.नं.: ५४३२१८४५ जारी मितिः २०५७/०३/०५ जि.प्र.का.: सर्लाही कर्जा : व्यक्तिगत	नेवत चौधरीको बुहारी नेवल चौधरीको छोरी आस नारायण चौधरीको एकाघरकी श्रीमती गिता देवी चौधरीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला लक्ष्मीपुरको द्राहा ४/ख को कित्ता नं. ८९२ क्षेत्रफल ०-०-१५ को जग्गा र सो ले चर्चको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१.नामः आस नारायण चौधरी स्थायी ठेगानाः सर्लाही जिल्ला लक्ष्मीपुर कोद्राहा गा.वि.स. वडा नं. २ हालको ठेगानाः सर्लाही जिल्ला हरिपुर न.पा. वडा नं. ५ बाजे : सुवन चौधरी बुवा : नेवत चौधरी पत्नि : गिता देवी चौधरी ना.प्र.नं. : ५४३२९६४२ जारी मिति : २०४४/१२/०३ जि.प्र.का. : सर्लाही
२.	नामः मुकेश राय स्थायी ठेगानाः सर्लाही जिल्ला मलंगवा गा.वि.स. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० बाजेः जलेश्वर राय बुवाः उपेन्द्र राय यादव पत्नीः पुनम अधिकारी ना.प्र.नं.: २९१७००१४ जारी मितिः २०६३/३/२ जि.प्र.का.: सर्लाही	यस गुडविल फाइनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी मुकेश रायको नाममा यातायात व्यवस्था कार्यालय विरगंजमा कायम रहेको इन्जिन नं.: BAJZL24759 च्यासिस नं.: MA1PFAHBCJ6L97435 दर्ता नं.: ना.८.ख. ८३३० बनेको साल २०१९ मोडेल प्रकारः Mahindra TRUXO 31 CABIN & CHASSIS थान – १	१. नामः उपेन्द्र राय यादव स्थायी ठेगानाः सर्लाही जिल्ला मलंगवा गा.वि.स. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० बाजेः पँचु राय बुवाः जलेश्वर राय पत्निः चित्र रेखा देवी ना.प्र.नं.: ७१४३२५०९ जारी मितिः २०३६/०८/१४ जि.प्र.का.: सर्लाही २. नामः चित्र रेखा देवी स्थायी ठेगानाः सर्लाही जिल्ला मलंगवा गा.वि.स. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० ससुराः जलेश्वर राय बुवाः राजकरन राय पतिः उपेन्द्र राय यादव ना.प्र.नं.: २९१७३४४० जारी मितिः २०५६/१/१३ जि.प्र.का.: सर्लाही ३. नामः पुनम अधिकारी स्थायी ठेगानाः सर्लाही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० ससुराः उपेन्द्र राय यादव बुवाः राम प्रताप राय यादव पतिः मुकेश राय ना.प्र.नं.: ८२७७००४० जारी मितिः २०६३/०४/२८ जि.प्र.का.: सर्लाही ४. नामः राकेश कुमार राय स्थायी ठेगानाः सर्लाही जिल्ला मलंगवा गा.वि.स. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० बाजेः जलेश्वर राय बुवाः उपेन्द्र राय यादव ना.प्र.नं.: १९१०३१/८९० जारी मितिः २०६९/३/४ जि.प्र.का.: सर्लाही ५. नामः राजेश राय यादव स्थायी ठेगानाः सर्लाही जिल्ला मलंगवा न.पा. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० बाजेः जलेश्वर राय बुवाः उपेन्द्र राय यादव ना.प्र.नं.: १९-०१-७३-०७४११ जारी मितिः २०७३/०७/०९ जि.प्र.का.: सर्लाही ६. नामः रुपेश राय यादव स्थायी ठेगानाः सर्लाही जिल्ला मलंगवा गा.वि.स. वडा नं. ४ हालको ठेगानाः सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. १० बाजेः जलेश्वर राय बुवाः उपेन्द्र राय यादव ना.प्र.नं.: १९१०३१/७६ जारी मितिः २०६६/९/२८ जि.प्र.का.: सर्लाही
	कर्जा : हायर पर्चेज		

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१५
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु
डिल्लीबजार ४४२२२५० | इन्द्रचोक ५३२५५५४ | भक्तपुर ६६२००६७ | कुमारीपाटी ५४०८६५० | त्रिपुरेश्वर ५३३१५३३ | नयाँबजार ५५१०७३८ | ईटहरी, सुनसरी ०२५-५८७०५१ | वितामोड ०२३-५३०५४८ | नेपालगंज ०८१-५३२०५६
घोराही, दाङ्ग ईलाम ०८२-५६३३५० | फिदिम ०२७-५२०५४५ | बुटवल ०७१-५३७२८३ | बर्दिबास ०४४-५५०१०२ | धनगढी ०९१-४१७३५७ | नवलपुर ०४६-५७००६७ | गैंडाकोट ०७८-५०१४११ | भैरहवा ०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल वैशाख महिना ९ गते आइतबार)

यस विकास बैंकको तपसिलका शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउ नु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

१. शाखा कार्यालय : कञ्चनवारी शाखा तपशिल **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **विराट शिवम् मेडिकल हल** प्रोप्राइटरको नाम : प्रेम बहादुर बुढाथोकी दर्ता गर्ने कार्यालय : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगर दर्ता नं. : ३७३३०/०७९/८० दर्ता मिति : २०७९/०५/१३ स्थायी लेखा नं. : ३००८३९१४४ रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला बुढीगंगा गा.पा वडा नं. २	१. नाम : **प्रेम बहादुर बुढाथोकी** बाबुको नाम : सेर बहादुर बुढाथोकी बाजेको नाम : भक्त बहादुर बुढाथोकी स्थायी ठेगाना : सुनसरी जिल्ला अ.वे. गा.वि.स. वडा नं. ६ हालको ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ५ ना.प्र.नं. : १२०/५२४ जारी मिति र जिल्ला : २०४४/१२/२०, सुनसरी
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **चन्द्रकला बुढाथोकी** बाबुको नाम : देवी बहादुर कार्की पतिको नाम : प्रेम बहादुर बुढाथोकी ससुराको नाम : सेर बहादुर बुढाथोकी स्थायी ठेगाना : सुनसरी जिल्ला अमाहीबेल्हा गा.वि.स. वडा नं. ६ हालको ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ८९३९४/९०३९४ जारी मिति र जिल्ला : २०६१/०३/२८, सुनसरी	३. नाम : **प्रगेश बुढाथोकी** बाबुको नाम : प्रेम बहादुर बुढाथोकी बाजेको नाम : सेर बहादुर बुढाथोकी ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ०६-०६-७७-००८४४ जारी मिति र जिल्ला : २०७७/०८/०९, सुनसरी

२. शाखा कार्यालय : वितामोड शाखा **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **कोइराला सुप सेन्टर तथा तिते हाउस** प्रोप्राइटरको नाम : विकास कोइराला दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर दर्ता नं. : १९३/२६०/१४३९२ दर्ता मिति : २०७५/०६/०४ स्थायी लेखा नं. : ६०७८५९३५९ रजिष्टर्ड ठेगाना : झापा जिल्ला मेचीनगर गा.पा वडा नं. ९	१. नाम : **विकाश कोइराला** बाबुको नाम : पदम प्रसाद कोइराला बाजेको नाम : कर्णखर कोइराला ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : ६४३८२५८४ जारी मिति र जिल्ला : २०५७/१०/११, झापा
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **रोमा देवी कोइराला** बाबुको नाम : देव नारायण ढुङ्गाना पतिको नाम : पदम प्रसाद कोइराला ससुराको नाम : कर्णखर कोइराला स्थायी ठेगाना : झापा जिल्ला धुलाबारी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : २७७१८०२ जारी मिति र जिल्ला : २०४५/०१/३१, झापा	३. नाम : **सानु माया गौतम** बाबुको नाम : गुरु प्रसाद गौतम पतिको नाम : विकास कोइराला ससुराको नाम : पदम प्रसाद कोइराला स्थायी ठेगाना : मोरङ्ग जिल्ला डाँगिहाट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : ३०५२९ जारी मिति र जिल्ला : २०६३/०७/१२, मोरङ्ग

३. शाखा कार्यालय : वितामोड शाखा **कर्जा शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **विकाश कोइराला** बाबुको नाम : पदम प्रसाद कोइराला बाजेको नाम : कर्णखर कोइराला ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : ६४३८२५८४ जारी मिति र जिल्ला : २०५७/१०/११, झापा	१. नाम : **सानु माया गौतम** बाबुको नाम : गुरु प्रसाद गौतम पतिको नाम : विकास कोइराला ससुराको नाम : पदम प्रसाद कोइराला स्थायी ठेगाना : मोरङ्ग जिल्ला डाँगिहाट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : ३०५२९ जारी मिति र जिल्ला : २०६३/०७/१२, मोरङ्ग
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **रोमा देवी कोइराला** बाबुको नाम : देव नारायण ढुङ्गाना पतिको नाम : पदम प्रसाद कोइराला ससुराको नाम : कर्णखर कोइराला स्थायी ठेगाना : झापा जिल्ला धुलाबारी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : २७७१८०२ जारी मिति र जिल्ला : २०४५/०१/३१, झापा	३. नाम : **केशर बहादुर प्रधान** बाबुको नाम : वीर बहादुर प्रधान बाजेको नाम : भद्र सिंह प्रधान स्थायी ठेगाना : झापा जिल्ला धुलाबारी गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : २७७१७८९ जारी मिति र जिल्ला : २०४१/०५/२२, झापा

४. शाखा कार्यालय : वितामोड शाखा **कर्जा शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **सानु माया गौतम** बाबुको नाम : गुरु प्रसाद गौतम पतिको नाम : विकास कोइराला ससुराको नाम : पदम प्रसाद कोइराला स्थायी ठेगाना : मोरङ्ग जिल्ला डाँगिहाट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : ३०५२९ जारी मिति र जिल्ला : २०६३/०७/१२, मोरङ्ग	१. नाम : **विकाश कोइराला** बाबुको नाम : पदम प्रसाद कोइराला बाजेको नाम : कर्णखर कोइराला ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : ६४३८२५८४ जारी मिति र जिल्ला : २०५७/१०/११, झापा
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **रोमा देवी कोइराला** बाबुको नाम : देव नारायण ढुङ्गाना पतिको नाम : पदम प्रसाद कोइराला ससुराको नाम : कर्णखर कोइराला स्थायी ठेगाना : झापा जिल्ला धुलाबारी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ ना.प्र.नं. : २७७१८०२ जारी मिति र जिल्ला : २०४५/०१/३१, झापा	३. नाम : **रमेश उप्रेती** बाबुको नाम : छविलाल उप्रेती बाजेको नाम : लक्ष्मी प्रसाद उप्रेती स्थायी ठेगाना : झापा जिल्ला राजगढ गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना : झापा जिल्ला वितामोड न.पा. वडा नं. ४ ना.प्र.नं. : ७६१५१२१२ जारी मिति र जिल्ला : २०६०/०९/०६, झापा

५. शाखा कार्यालय : लमही शाखा **कर्जा शिर्षक : सहुलियत आवधिक (महिला उद्यमशिल) कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **हौसील पोल्ट्रि फर्म** प्रोप्राइटरको नाम : गंगा चौधरी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता नं. : ७६१/६६०१ दर्ता मिति : २०७४/०२/१८ स्थायी लेखा नं. : ६०७३१४२९६ रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ४	१. नाम : **गंगा चौधरी** बाबुको नाम : सुरज नारायण चौधरी पतिको नाम : चुडा मणि चौधरी ससुराको नाम : सुग्गन बाबु चौधरी स्थायी ठेगाना : दाङ जिल्ला गंगापरस्पुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ४ ना.प्र.नं. : ५२३००२/२० जारी मिति र जिल्ला : २०६३/११/१५, दाङ
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **नारद प्रसाद चौधरी** बाबुको नाम : मंगल प्रसाद चौधरी बाजेको नाम : जगजिवन चौधरी स्थायी ठेगाना : दाङ जिल्ला गंगापरस्पुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ४ ना.प्र.नं. : ६००५/२०१२ जारी मिति र जिल्ला : २०४१/०५/०६, दाङ	३. नाम : **चुडा मणि चौधरी** बाबुको नाम : सुग्गन बाबु चौधरी बाजेको नाम : ढिकराम चौधरी स्थायी ठेगाना : दाङ जिल्ला गंगापरसपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ४ ना.प्र.नं. : ५१/९५१ जारी मिति र जिल्ला : २०५२/०८/२०, दाङ

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नेपालले गुमायो इमर्जिङ एसिया कप खेल्ने अवसर

रमेश सुवेदी/नयाँ पत्रिका

हङकङसँग चार विकेटले पराजित हुँदा नेपाली राष्ट्रिय पुरुष टोलीले इमर्जिङ टिम्स एसिया कप खेल्ने अवसर गुमाएको छ। शनिबार भएको प्लेअफ खेलमा नेपाल हङकङसँग बलिङ र ब्याटिङमा चुक्यो। शुक्रबार एसिसी प्रिमियर कपको सेमिफाइनलमा संयुक्त अरब इमिरेट्ससँग ६ विकेटले पराजित हुँदै साबिक विजेता नेपालले एसिया कप खेल्ने अवसर गुमाएको थियो। नेपाल भोलिपल्टै इमर्जिङ एसिया कप खेल्ने अवसरबाट पनि टाढा रह्यो। एसिया कपमा विश्व क्रिकेटका महारथी भारत र पाकिस्तानसँग खेल्ने अवसर गुमाएको नेपालले इमर्जिङ कपमा भारत र पाकिस्तानका 'ए' टिमसँग खेल्ने अवसर पनि गुमायो। कप्तान रोहितकुमार पौडेलले प्रतियोगिता भर ब्याटिङ नचल्दा लगातार हार व्यहोरेको बताए। 'हामीले पछिल्लो एक वर्ष निकै राम्रो ब्याटिङ गरेका थियौं। तर, पछिल्लो दुई खेलसहित यो प्रतियोगितामै राम्रो ब्याटिङ हुन सकेन।'

इमर्जिङ कपमा फाइनलमा स्थान बनाएका युएई र ओमानसँगै हङकङले पनि स्थान बनाएको छ। शीर्ष तीन राष्ट्रले भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र अफगानिस्तानको 'ए' टोलीसँग खेल्नेछन्। प्रिमियर कपको तेस्रो स्थानको खेलमा नेपालविरुद्ध हङकङका अंशु रथले सानदार प्रदर्शन गरे। अन्तिम ओभरमा आठ रन चाहिएको अवस्थामा हङकङ सफल भएको हो। अन्तिम ओभर लिएर आएका ललितनारायण राजवंशीलाई पहिलो बलमै नास्रुल रानाले चौका प्रहार गरेका थिए। दोस्रो र तेस्रो बलमा हङकङले समान दुई रन जोड्दै जित दिलाएका हुन्। ओमानको अल अमेरात मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले आठ विकेट गुमाउँदै एक सय ४० रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा हङकङले १९.३ ओभरमा ६ विकेट गुमाउँदै एक सय ४० रन बनाएको हो। समूह चरणको खेलमा नेपालले हङकङलाई आठ विकेटले हराएको थियो।

नेपालको सम्मानजनक स्कोर

आठौं नम्बर क्रिजमा आएका दीपेन्द्र सिंह ऐरीले २९ बलमा चार चौका र तीन छक्कासहित सर्वाधिक ४४ रन बनाएपछि नेपालले हङकङविरुद्ध सम्मानजनक स्कोर बनाएको थियो। टस जितेर ब्याटिङ गरेको नेपालको सुरुवात निकै खराब रह्यो। ओपनर कुशल भुर्तेल दुई बल खेली शून्यमै पेभिलियन फर्किएका थिए। उनी लगातार दोस्रो खेलमा डकआउट भएका हुन्। आसिफ सेख पाँच रन बनाएर आउट भएका हुन्। करण केसी आउट हुँदा १६.२ ओभरमा नेपाल ९८-८ को स्थितिमा थियो। क्रिजमा रहेका दीपेन्द्रले नेपालको इनिङ्स उकासेका हुन्। सन्दीप जोराले २३ बलमा २२ रन, कप्तान रोहित पौडेलले १९ बलमा २१ रन, र सोमपाल कामीले ११ बलमा ५ रन, कुशल मल्लले १४ बलमा १३ रन जोडेका हुन्। गुल्सन झा ६ रन बनाएर आउट भए। नेपालको इनिङ्समा दीपेन्द्र र ललितले २२ बलमा अविजित ४१ रनको सर्वाधिक साझेदारी गरेका थिए। हङकङका लागि आयुष शुक्लाले सर्वाधिक तीन विकेट लिए। उनले तीन ओभरमा मात्र १७ रन खर्चिएका थिए। त्यस्तै, अतिक इकबाल, यासिम मुर्तजा र एहसान खानले समान एक विकेट लिएका थिए।



एसिया कपमा विश्व क्रिकेटका महारथी भारत र पाकिस्तानसँग खेल्ने अवसर गुमाएको नेपालले इमर्जिङ कपमा भारत र पाकिस्तानका 'ए' टिमसँग खेल्ने अवसर पनि गुमायो

ब्याटिङमै चुक्यौं



रोहितकुमार पौडेल, कप्तान, नेपाल

हामीले पछिल्लो एक वर्ष ब्याटिङमा राम्रो गरेका थियौं। सबैले देखेकै हो। तर, यो प्रतियोगितामा हामी ब्याटिङमै चुकेका छौं। हामीले सोमपाललाई पावर प्लेमा प्रयोग गरेका थियौं। दीपेन्द्रले पछिल्लो समय फिनिसरको रूपमा खेलेका छन्। उनले खेलेको इनिङ्स र अभिनाश बोहराको बलिङ राम्रो हुनु हाम्रा लागि राम्रो पक्ष हो।

हाम्रा लागि ठूलो उपलब्धि



निजाकात खान, कप्तान, हङकङ

यो जित हाम्रा लागि ठूलो उपलब्धि हो। हामीले यो प्रतियोगितामा धेरै राम्रो गरेका छौं। यति गर्न सक्छौं भनेर विश्वस्त थियौं। बलिङमा राम्रो हुन सकेको छैन। तर, समग्रमा सबै राम्रो छ। टिममा निकै तालमेल मिलेको छ। मलाई हरेकपटक टोलीको विश्वास छ। सबै खेलाडीले मिहिनेत गर्दा र आफ्नो भूमिका निर्वाह गर्दा जित निकाल्न सफल भयौं।

अंशुमन रथको अर्धशतक

हङकङको जितमा ओपनर अंशुमन रथले अविजित ६५ रन बनाएका हुन्। उनी ५० बलमा चार चौका र दुई छक्कासहित अविजित रहे। उनले नै नेपाली बलरलाई दबाबमा राख्दै जित दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्। हङकङलाई अन्तिम दुई ओभरमा जितका लागि १६ रन आवश्यक थियो। जसमा अंशुमन र राना सफल भएका हुन्। दुवै ओभरमा हङकङले समान आठ रन जोडेको थियो। राना आठ बलमा ११ रनसहित अविजित रहे।

त्यस्तै, बाबर हायतले २५ बलमा दुई छक्कासहित २६ रन बनाएका हुन्। अंशुमन र बाबरले तेस्रो विकेटका लागि ४४ बलमा ४५ रनको साझेदारी गरेका थिए। एइजाज खानले १० बलमा १२ रनको योगदान गरेका थिए।

नेपालका लागि सोमपाल कामीले चार ओभरमा ३३ रन दिँदै तीन विकेट लिए। सोमपालले १.३ ओभरमा यासिम मुर्तजालाई नौ रन बनाउँदा सन्दीप जोराबाट क्याच गराउँदै दबाब सिर्जना गरेका थिए। तर, त्यसपछि अंशुमनले सम्हालिएको प्रदर्शन गरेका हुन्। नेपालका लागि दीपेन्द्रले चार ओभरमा २७ रन दिएर दुई विकेट लिएका हुन्। करण केसी, ललित, गुल्सन र अभिनाश बोहरा विकेटविहीन रहे।

एसिसी प्रिमियर कपमा नेपालको प्रदर्शन

समूह ए

१२ अप्रिल २०२४
मलेसिया १४३/३
नेपाल १४४/५
नेपाल पाँच विकेटले विजयी

१३ अप्रिल २०२४
नेपाल २१०/७
कतार १७८/९
नेपाल ३२ रनले विजयी

१४ अप्रिल २०२४
हङकङ ११४/ १०
नेपाल ११७/२
नेपाल ८ विकेटले विजयी

१७ अप्रिल २०२४
साउदी अरेबिया ७३/७
नेपाल ७५/ ४
नेपाल ६ विकेटले विजयी

सेमिफाइनल

१९ अप्रिल २०२४
नेपाल ११९/९
युएई १२३/४
युएई ६ विकेटले विजयी

तेस्रो स्थानको प्लेअफ
नेपाल १३९/८
हङकङ १४०/६
हङकङ ४ विकेटले विजयी

खेल संक्षेप

पेमा युवा क्लब सेमिफाइनलमा

विराटनगर/ फियर फुटबल क्लब धरान सुनसरीलाई २-० ले हराउँदै पेमा युवा क्लब विराटनगर चौथो मिल्स गोल्डकप फुटबल प्रतियोगितामा सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार विराटनगर जुट मिलको खेलमैदानमा विजय भुजेल नायक बने। उनले नै दुवै गोल गरेका हुन्। जितसँगै विराटनगर फाइनल प्रवेशका लागि कोशी प्रदेश प्रहरी कार्यालय रानी र गोलबजार स्पोर्टिङ क्लब गोलबजार सिराहाको विजेता टिमसँग प्रतिस्पर्धा गर्नेछ। पहिलो हाफमा गोल नहुँदा दुवै टोलीले संघर्ष गर्नुपरेको थियो। ५५औं मिनेटमा विजय भुजेलले गोल गर्दै अग्रता बनाए। विराटनरले अग्रता लिएको ७ मिनेट बित्न नपाउँदै विजयले ६२औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरेका थिए।

सुवास र निकिता च्याम्पियन

बागलुङ/ मधेश प्रदेशका सुवास तामाङ र त्रिभुवन आर्मी क्लबकी निकिता धिमाल पहिलो मेयर कप प्रोफेसनल आइटिएफ तेक्वान्दो राष्ट्रिय प्रतियोगिताको च्याम्पियन भएका छन्। बागलुङको बुर्तिबाङमा शनिबार सम्पन्न फाइनलमा जित निकाल्दै सुवास पुरुषमा र निकिता महिलातर्फ प्रोफेसनल फाइटमा च्याम्पियन भएका हुन्। यससँगै दुवै खेलाडीले नगद ५० हजार रुपैयाँ हात पारेका छन्। बागलुङ जिल्ला आइटिएफ तेक्वान्दो संघको आयोजनामा भएको दुईदिने प्रतियोगिताको पुरुषतर्फ फाइनलमा सुवासले विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिसका श्रीप्रसाद बुढालाई हराए। आर्मीका अनिल तामाङ तेस्रो भए। महिलातर्फ फाइनलमा निकिताले कोशी प्रदेशकी सजिना तामाङलाई पराजित गरिन्।

पिंक केयरएथन सम्पन्न

काठमाडौं/ महिलाको स्वास्थ्य एवं तन्दुरुस्तीमा सचेतना जगाउने उद्देश्यले आयोजना गरिएको 'पिंक केयरएथन' शनिबार सम्पन्न भएको छ। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा आयोजित कार्यक्रममा दुई वर्षदेखि ७० वर्षसम्मका झन्डै दुई हजार महिला सहभागी थिए। लेजर पोर्ट नेपालले नेपाल प्रहरी श्रीमती संघसँगको सहकार्यमा काठमाडौं पिंक केयरएथन आयोजना गरेको हो। पिंक केयरएथनमा महिलाहरूको तीन किलोमिटर, पाँच किलोमिटर र १० किलोमिटर दौडमा प्रतिस्पर्धा गरिएको थियो। १० किलोमिटरतर्फ आस्था राउत प्रथम, मनिता घतामी दोस्रो तथा संगीता तामाङ तेस्रो भए। पाँच किलोमिटरतर्फ कल्पना घिमिरे प्रथम, सुशीला राना दोस्रो तथा ममिता धामी तेस्रो हुँदा तीन किलोमिटर दौडतर्फ तिर्सना कुमार पहिलो, सीमा बिथाडी दोस्रो तथा पार्वती चौधरी तेस्रो स्थानमा रहे।

मनिता पराजित

काठमाडौं/ नेपालकी मनिता श्रेष्ठ प्रधान एसियन जुडो च्याम्पियनसिपमा पराजित भएकी छिन्। हङकङमा भएको प्रतियोगिताको आफ्नो पहिलो खेलमा मनिताले भारतीय खेलाडीलाई पराजित गरेकी थिइन्। दोस्रो खेलमा मनिता दक्षिण कोरियाली खेलाडीसँग पराजित भएको प्रशिक्षक देबु थापाले जनाएकी छिन्।

पलेसा र कविराज वर्षका उत्कृष्ट

काठमाडौं/ छनोट चरण पार गर्दै पेरिस पारा ओलम्पिक खेल्न लागेकी पारा खेलाडी पलेसा गोवर्धन र प्रशिक्षक कविराज नेगी लामा वर्षका उत्कृष्ट खेलाडी र प्रशिक्षकबाट सम्मानित भएका छन्। शनिबार नेपाल तेक्वान्दो संघले आठौं वार्षिक साधारणसभाका अवसरमा पलेसाले उत्कृष्ट खेलाडी हुँदै ५० हजार पुरस्कार पाइन्। वर्षको उत्कृष्ट प्रशिक्षक लामालाई १५ हजारबाट सम्मान गरिएको हो। उनीहरूलाई युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशमशेर राणाले सम्मान गरेका थिए। चीनको ताइयानमा गत चैत ४ गते भएको एसियाली छनोटमा स्वर्ण पदक जित्दै पलेसा पेरिस पारा ओलम्पिकका लागि छनोट भएकी थिइन्। पलेसा छनोट चरण पार गरेर पाराओलम्पिक खेल्न लागेकी पहिलो नेपाली खेलाडी हुन्। गत असोजमा चीनको हाङझावमा सम्पन्न चौथो एसियाली पारा खेलकुदमा पनि पलेसाले ऐतिहासिक कांस्य पदक जितेकी थिइन्। यसअघि सन् २०२० मा भएको टोकियो पारा ओलम्पिकमा पलेसाले दुई खेल जितेकी थिइन्। ओलम्पिकमा दुई खेल जित्ने पलेसा पहिलो नेपाली खेलाडी पनि हुन्। कविराजले सन् २०१५ देखि पारा तेक्वान्दो प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै आएका छन्। उनको प्रशिक्षणमा नेपालले अहिलेसम्म १० वटा अन्तर्राष्ट्रिय पदक जितिसकेको छ। जसमा तीन स्वर्ण, दुई रजत र पाँच कांस्य छन्।



देवको अलराउन्ड प्रदर्शनमा लुम्बिनीको जित

नयाँ पत्रिका

कप्तान देव खनालको अलराउन्ड प्रदर्शनमा लुम्बिनी प्रदेशले वीर गणेशमान सिंह राष्ट्रिय टी-२० च्याम्पियनसिप लगातार दोस्रो जित निकालेको छ। शनिबार मूलपानी मिथिल्लो मैदानमा भएको आफ्नो तेस्रो खेलमा लुम्बिनीले कोशी प्रदेशलाई ५० रनले पराजित गरेको हो। कोशी प्रदेशको भने यो दुई खेलमा लगातार दोस्रो हार हो। टस हारेर सुरुवातमा ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर एक सय ३९ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा कोशीले १९.४ ओभरमा अल आउट हुँदा मात्र ८८ रन जोड्न सकेको हो। कोशी कुनै समय ४०-७ को अवस्थामा थियो। कोशीका लागी सौजन घिमिरे र समीर कार्कीले ४१ रनको साझेदारी गरे पनि टोलीलाई जित दिलाउन सकेनन्। समीरले २३ र सौजनले १६ रन जोडे। अंकित सुवेदीले ११ रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। कोशीलाई रोक्ने क्रममा लुम्बिनीका कप्तान देव, नर सार्की र अभिषेक गौतमले समान दुई विकेट हात पारेका हुन्।

अल राउन्ड प्रदर्शन गरेका लुम्बिनीका कप्तान देव प्लेयर अफ दी म्याच घोषित भए। उनले ब्याटिङतर्फ २२ बलमा ४५ रन जोडे। दिल्साद अलीले १७ र कृष्ण कार्कीले अविजित १६ रन बनाएका हुन्। अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। कोशीको दिपेश कँडेलले दुई विकेट लिए।



सुदूरपश्चिमको सहज जित

दिनको पहिलो खेलमा सुदूरपश्चिमले गण्डकी प्रदेशलाई नौ विकेटले पराजित गरेको छ। सुदूरपश्चिमको दोस्रो खेलमा पहिलो जित हो। टस हारेर ब्याटिङ गरेको गण्डकीले १८.३ ओभरमा अल आउट हुँदा एक सय १८ रनको लक्ष्य प्रस्तुत गरेको हो। सुदूरपश्चिम प्रदेशले १९ ओभरमा केवल १ विकेट गुमाएर जित निकाल्यो। सुदूरपश्चिमलाई सहज जित दिलाउने क्रममा खेलको प्लेयर अफ दी म्याच चुनिएका अभिषेक पालले सर्वाधिक ४९ रन बनाए। वसन्त कार्कीले अविजित ३७ र राजु रिजालले अविजित २९ रन बनाएका हुन्। गण्डकीका विपिन खत्रीले १९ बलमा अविजित ३० रन बनाए। रोशन गौतमले २३ बलमा २८ रन जोडे।

पौडीको नयाँ अध्यक्षमा श्रेष्ठ

काठमाडौं/ नेपाल पौडी संघको ५औं राष्ट्रिय अधिवेशनबाट जगतमान श्रेष्ठको प्यानल विजयी भएको छ। शनिबार भएको अधिवेशबाट पौडीले नयाँ कार्यसमिति पाएको हो। यो सँगै पौडीमा अशोकरत्न बज्राचार्यको कार्यसमितिको ४२ वर्षदेखिको विरासत तोडिएको छ। नयाँ कार्यसमितिमा अध्यक्षमा श्रेष्ठ निर्विरोध हुँदा वरिष्ठ उपाध्यक्षमा जयप्रकाश भट्टराई, तीन उपाध्यक्षमा जुनाकुमारी कठायत, चित्रराज भट्ट



र उमेश प्रधान निर्वाचित भएका हुन्। महासचिवमा ईश्वर कार्की, सचिवमा क्रमशः रञ्जन भट्टराई र गंगालाल गोले, कोषाध्यक्षमा दिलीप वैद्य, सहकोषाध्यक्षमा योगेन्द्रमान श्रेष्ठ रहे। सदस्यमा दीपकसागर सिंह, विकास शर्मा, कुमार गिरी, गंगालाल सिंगार, डम्बरबहादुर तामाङ, भरत तामाङ, बिष्णुप्रसाद न्यौपाने, पञ्चा सिंह, टेकबहादुर थापा, जनक थापा, रूपेशमान सिंह, हरेन्द्र यादव, अनिश महर्जन तथा शिरीष गुरुङ रहेका छन्।



आइपिएलमा पाँच हजार रन बनाउने धोनी पहिलो विकेटकिपर



एजेन्सी

चेन्नई सुपर किंग्सका पूर्वकप्तान महेन्द्र सिंह धोनी इन्डियन प्रिमियर लिग (आइपिएल)मा पाँच हजार रन पूरा गर्ने पहिलो विकेटकिपर बनेका छन्। भारतमा जारी लिगको १७ सिजनमा आएर ब्याटर तथा विकेटकिपर धोनीले यो कीर्तिमान आफ्नो नाममा लेखाएका हुन्। लखनउमा भएको खेलमा लखनउ सुपर जायन्ट्सले सबैभन्दा बढी लक्ष्य पूरा गर्दै चेन्नईलाई आठ विकेटले हराएको हो। यो खेलमा धोनीले आठ बलमा २८ रन बनाएका थिए। ४२ वर्षीय खेलाडीले आइपिएलमा पाँच हजार रन बनाएको पहिलोपटक हो। धोनीले हालसम्म आइपिएलका दुई सय ५१ खेल खेलेका छन्। धोनीपछि आरसिबीका दिनेश कार्तिकले २२८ खेलमा ४३६३ रन बनाएका छन्।

धोनीले फरक दुई कीर्तिमान बनाएको खेलमा भने चेन्नई पराजित भयो। लखनउले कीर्तिमानी लक्ष्य पछ्याउँदै जित निकालेको हो। लखनउले १७७ रनको लक्ष्य १९ ओभरमा पूरा गरेको थियो। धोनीले यही खेलमा ४२ वर्ष पुगिसक्दा सर्वाधिक रन बनाउने खेलाडी बनेका छन्। धोनीले क्रिस गेलको कीर्तिमान तोडेका हुन्। वेस्ट इन्डिजका गेलले ४० वर्षको उमेरमा आइपिएलमा ४८१ रन बनाएका छन्।

पछिल्लो दुई वर्षमा धोनीको स्ट्राइक रेट निकै बढेको छ। उनले पछिल्लो वर्ष १८२.४६ स्ट्राइकर रेटमा एक सय ४ रन बनाएका थिए। यस वर्ष २५५.८८ स्ट्राइकर रेटसँगै ८७ रन बनाएका हुन्। पछिल्लो वर्ष ५० माथि बलको सामना गर्नेमा धोनी अगाडि छन्। धोनीपछि सनराइजर्स हैदराबादका अभिषेक शर्माले २०५.२६ स्ट्राइक रेट बनाएका छन्। ट्रेविस हेडको स्ट्राइकर रेट १९९.१५ छ।


यस्तै, लखनउका कप्तान केएल राहुल २५ पटक ५० रन बनाउने पहिलो विकेटकिपर बनेका छन्। उनले धोनीलाई पछि पार्दै यो कीर्तिमान आफ्नो नाममा लेखाएका हुन्। धोनीले हालसम्म २४ पटक ५० रन पूरा गरेका छन्। क्विन्टन डी काकले २३ र दिनेश कार्तिकले २१ र रविन उथप्पाले १८ पटक ५० रन पूरा गरेका हुन्।

आइपिएलमा सर्वाधिक रन बनाउने विकेटकिपर

खेलाडी	टिम	खेल	रन
महेन्द्रसिंह धोनी	चेन्नई	२५१	५०५१
दिनेश कार्तिक	आरसिबी	२२८	४३६३
रोबिन उथप्पा	कोलकाता	११४	३०११
ऋषभ पन्त	दिल्ली	९५	२८५०
क्विटन डी कक	लखनउ	९०	२८१२

४० वर्षपछि आइपिएलमा सर्वाधिक रन बनाउने खेलाडी

खेलाडी	टिम	रन
महेन्द्रसिंह धोनी	चेन्नई	५००
क्रिस गेल	पन्जाव किंग्स	४८१
राहुल द्रविड	राजस्थान	४७१
एडम गिलक्रिस्ट	पन्जाव किंग्स	४६६



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com